# तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
# २८औं वार्षिक साधारण सभा

आ.व. २०८०/०८१

**F/Y 2023-24**



HYATT
REGENCY®



TLR TERRACE



THE LOBBY LOUNGE



SESAME

## कम्पनीमा भएका गतिविधि तथा उपलब्धिका केही झलकहरू



Company Receiving Highest Tax Payers Award in Hospitality Sector from the Government for F.Y. 2079-80

Company Honored by CNI for Being the Highest Taxpayer in the Hospitality Sector for F.Y. 2079-80






Hotel Wins SATA Award 2024 as "Leading Luxury Hotel"






BADMINTON TOURNAMENT

Breast Cancer Awarness Organized by the Hotel






Annual Chaitya Puja at the Hotel Premises.

# विषयसूची


| क्र.सं. | शिर्षक | पृष्ठ संख्या |
|---|---|---|
| १. | २८ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना | ग |
| २. | प्रोक्सी फारम | च |
| ३. | सञ्चालक समितिको तर्फबाट प्रबन्ध संचालकज्यूको वार्षिक प्रतिवेदन | १ |
| ४. | संस्थागत संरचना | १७ |
| ५. | लेखापरीक्षकको प्रतिवेदन | १८ |
| ६. | वित्तिय स्थितिको विवरण | २३ |
| ७. | नाफा तथा नोक्सान विवरण | २४ |
| ८. | नगद प्रवाह विवरण | २५ |
| ९. | ईक्वीटीमा भएको परिवर्तनको विवरण | २७ |
| १०. | प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु | २८ |
| ११. | अनुसूचीहरु | ४६ |
| १२. | नोट | ५४ |

**सञ्चालक समिति:**
श्री अरुण कुमार सराफ
श्री सुरेश लाल श्रेष्ठ
श्री सुरेश राज जोशी
श्रीमती कमलादेवी श्रेष्ठ
श्री उमेश सराफ
श्री राजेश लाल श्रेष्ठ
श्री वरुण सराफ
श्री जयादीन श्रेष्ठ
श्री देवेश सराफ
श्री श्रीवत्स शमशेर ज.ब.राणा
श्री मनोज प्रसाद राजभण्डारी

**कम्पनी सचिवः**
श्री गीता दाहाल

**प्रेसिडेन्ट-कर्पोरेट:**
श्रीमती रानी बंग
**लेखापरीक्षक:**
ए .एस.आर एण्ड एसोसिएट्स
श्री अंकुश कुमार

**कानूनी सल्लाहकार:**
रमण कुमार कर्ण
रमण एण्ड एसोसिएट्स, लयर्स चेम्बर्स

**शेयर रजिष्ट्रार:**
एन आई सी एशिया क्यापिटल लिमिटेड
**बैंकहरु:**
१. स्टाण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड
२. एभरेष्ट बैंक लिमिटेड
३. नेपाल एसबिआई बैंक लिमिटेड
४. नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
५. माछापुच्छ्रे बैंक लिमिटेड
६. सानिमा बैंक लिमिटेड
७. एनएमबी बैंक लिमिटेड
८. सिद्धार्थ बैंक लिमिटेड
९. ग्लोबल आइएमई बैंक लिमिटेड
१०. एनआईसी एशिया बैंक लिमिटेड
११. कुमारी बैंक लिमिटेड
१२. नविल बैंक लिमिटेड
१३. हिमालयन बैंक लिमिटेड

**रजिष्टर्ड कार्यालय:**
जि.पि.ओ. बक्स नं. ९६०९, बौद्ध, काठमाण्डौं, नेपाल ।

**फोन: ०१-५१७१२३४/०१-४२१७१२३**
**Email: info@taragaon.com**
**Website: www.taragaon.com**

# २८ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको मिति २०८१ मंसिर १९ गते (तदानुसार ४ डिसेम्बर, २०२४) बुधबारका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको **२८ औं वार्षिक साधारण सभा** निम्न लिखित मिति, समय र स्थानमा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले उक्त साधारण सभामा स्वयं वा रितपूर्वकको प्रतिनिधित्वद्वारा उपस्थित हुनका लागि सबै शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. सभा हुने मिति, समय र स्थानः**

| | | |
|---|---|---|
| मिति | : | २०८१ पौष २४ गते (तदानुसार ८ जनवरी, २०२५) बुधबार । |
| समय | : | बिहान ११:०० बजे । |
| स्थान | : | नेपाल आर्मी अफिसर्स कल्ब, जङ्गिअड्डा-भद्रकाली काठमाण्डौं । |

**२. छलफल तथा निर्णयको लागि निर्धारित विषय सूचीहरुः**

क) सामान्य प्रस्ताव

(१) आर्थिक वर्ष २०८०।०८१ (२०२३।२०२४) को सञ्चालक समितिको २८ औं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको आर्थिक वर्ष २०८०।०८१ (२०२३।२०२४) को वित्तिय विवरणहरु- वासलात, नाफा तथा नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखा टिप्पणीहरु स्वीकृत गर्ने ।

(३) आ.व. २०८१।०८२ (२०२४।२०२५) को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) कम्पनीको मिति २०८१।०८।१९ (तदानुसार ४ डिसेम्बर, २०२४) गते बसेको सञ्चालक समितिको बैठकले प्रस्ताव गरे बमोजिम कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई चुक्ता पूँजीको ११% नगद लाभांश (कर बाहेक) प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

(५) कम्पनीको सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने संचालक पद -१ (एक) निर्वाचन गर्ने ।

(६) संचालक समिति र संचालक समिति अन्तर्गत गठित समितिहरुको सदस्यको बैठक भत्ता अनुमोदन गर्ने सम्बन्धमा ।

ख) विविध

सञ्चालक समितिको आज्ञाले
**गीता दाहाल**
कम्पनी सचिव

**पुनश्चः**

सभामा छलफल गरिने सञ्चालक समितिको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा तथा नोक्सान हिसाब, साधारण सभा सम्बन्धी जानकारी, प्रोक्सी फाराम र प्रवेश पत्र यस कम्पनीको रजिष्टर्ड कार्यालय, बौद्ध, काठमाण्डौमा वा शेयर रजिष्ट्रार एन आई सी एसिया क्यापिटल लिमिटेड, चौंथो तल्ला, ट्रेड टावर थापाथली, काठमाडौंमा आई निरिक्षण गर्न वा प्राप्त गर्न सकिनेछ । वार्षिक प्रतिवेदन, साधारण सभामा पेश हुने प्रस्तावहरु कम्पनीको website: www.taragaon.com बाट जानकारी प्राप्त गर्नु हुन सम्बन्धित सबै शेयरधनीहरुमा अनुरोध छ ।

# २८औं वार्षिक साधारण सभा सम्बन्धी जानकारी

(१) कम्पनीको २८ औं वार्षिक साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले प्रवेश पत्र पूर्ण रुपमा भरेर वा आफ्नो कुनै सक्कल आधिकारीक परिचय खुल्ने प्रमाण सहित वा शेयर प्रमाण पत्रको प्रतिलिपि वा कम्पनीको शेयर अभौतिकीकरण गरिसकेका शेयरधनी महानुभावहरुको हकमा हितग्राही परिचय पत्र नं. साथमा लिई आउनुहुन अनुरोध छ। प्रतिनिधी नियुक्ति गर्ने व्यक्ति, कम्पनी वा संगठित संस्था भएमा त्यस्तो कम्पनी तथा सस्थाको छाप सहित अधिकार प्राप्त व्यक्तिको दस्तखत गरेको पत्र सहित उपस्थित हुनु पर्नेछ।

(२) सभामा भाग लिन आउनु हुने सबै शेयरधनी महानुभावहरु वा निजका प्रतिनिधीहरुले सभा हुने स्थानमा रहेको शेयरधनी हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्ने छ। उक्त हाजिरी पुस्तिका बिहान १०: ०० बजे देखि सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ। शेयरधनीको उपस्थितिबाट कम्पनी ऐनको व्यवस्था बमोजिम साधारण सभाका लागि आवश्यक गणपूरक संख्या पुरा भए पश्चात सभाको काम कारवाही अगाडी बढाइनेछ।

(३) नाबालक वा अशक्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा उल्लेख भएका व्यक्तिले सभामा भाग लिन सक्नुहुनेछ।

(४) सभामा भाग लिनको निमित्त प्रतिनिधि नियुक्त गर्नको लागि शेयरधनी महानुभावहरुले कम्पनीको कायम अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सो प्रतिनिधि नियुक्त फारम सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय, बौद्ध, काठमाण्डौंमा दर्ता गरी सक्नु पर्नेछ। नाबालक तथा अशक्त शेयरधनीको प्रतिनिधिको हकमा कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र प्रतिनिधि तोक्न सक्ने छ। प्रतिनिधि नियुक्त गरिसक्नु भएका शेयरधनी महानुभावहरु आफैं सभामा उपस्थित भएमा प्रोक्सी स्वतः बदर हुनेछ।

(५) संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनी लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले मात्र सभामा भाग लिन सक्नेछ। तर प्रतिनिधि कायम गर्नुपर्ने अवस्थामा दुबै जनाको सर्व-सम्मतबाट कम्पनीमा कायम अर्को शेयरधनीलाई सहीछाप गरी नियुक्त गरेको प्रतिनिधिले मात्र सभामा भाग लिन पाउनेछन्।

(६) प्रतिनिधि नियुक्त गर्नु भएको शेयरधनीहरुको निवेदनमा भएको दस्तखत कम्पनीको शेयरको अभिलेखमा रहेको दस्तखत सँग दुरुस्तै मिल्नु पर्नेछ।

(७) शेयरधनी महानुभावहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामुहिक रुपले वा प्रबन्ध सञ्चालक वा प्रबन्ध सञ्चालकले तोकेको व्यक्तिले उत्तर दिन सक्नुहुनेछ।

(८) शेयरधनी महानुभावहरुलाई छलफलको विषय मध्ये विविध शिर्षक अन्तर्गत कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सम्बन्धित विषय खुलाई वार्षिक साधारण सभा हुनुभन्दा कम्तीमा ७ (सात) कार्य दिन अगावै २०८१।०९।१७ गते (तदानुसार १ जनवरी, २०२५) बुधबार सम्म कम्पनी सचिव मार्फत यस कम्पनीका कार्यकारी सञ्चालकज्यूका नाममा लिखित जानकारी दिनु पर्नेछ। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।

(९) सभाको सुरक्षालाई मध्यनजर गर्दै सभामा उपस्थित हुनुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुलाई झोला (ब्याग) आदि नल्याउनु हुन अनुरोध गरिन्छ । साथै सभा स्थलमा रहेका सुरक्षाकर्मीले आवश्यक ठानेमा सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा सुरक्षा जाँचमा सहयोग गरिदिनु हुनको निमित्त समस्त शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।

(१०) मिति २०८१।०९।०७ गते देखि २०८१।०९।१८ गते (तदानुसार २२ डिसेम्बर, २०२४ देखि २ जनवरी, २०२५) सम्म कम्पनीको शेयर दाखिला खारेज गर्ने कार्य बन्द रहने छ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८१।०९।०६ गते (तदानुसार २१ डिसेम्बर, २०२४) सम्म नियमानुसार कारोबार भई प्रचलित कानून बमोजिम शेयर नामसारी भई कायम शेयरधनी महानुभावहरुलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ ।

(११) शेयरधनी महानुभावहरुलाई कम्पनीको २८ औं वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कम्पनीको रजिष्टर्ड कार्यालय बौद्ध, काठमाण्डौंमा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन अनुरोध छ ।

(१२) कम्पनीको वार्षिक साधारणसभाको सूचना, सञ्चालक समितिको प्रतिवेदन, वित्तिय विवरण सम्पूर्ण शेयरधनी महानुभावहरुलाई यथा समयमा पठाइनेछ । कारणवश कसैलाई उक्त प्रतिवेदनहरु प्राप्त हुन नसकेमा कम्पनीको रजिष्टर्ड कार्यालय, बौद्ध, काठमाण्डौंबाट शेयरधनीको प्रमाणपत्र प्रस्तुत गरी प्राप्त गर्न सक्नु हुनेछ । २८ औं वार्षिक साधारण सभाको सूचना सहितको २०८०।०८१ को वार्षिक प्रतिवेदन यस कम्पनीको वेवसाईट www.taragaon.com मा समेत हेर्न सक्नुहुनेछ ।

(१३) वार्षिक साधारण सभामा मन्तव्य राख्नका निमित्त प्रति वक्ता ३ मिनेट मात्र समय उपलब्ध हुनेछ । विशेष समय लाग्ने भएमा मन्तव्य नदिई आफ्नो विचारको लिखित प्रति कम्पनी सचिवलाई उपलब्ध गराउन सकिनेछ ।

(१४) सर्वसाधारण शेयरधनी समुहको प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन सम्बन्धि कार्यक्रम निर्वाचन समितिले तोके बमोजिम हुनेछ र सो सम्बन्धि सूचना २८ औं वार्षिक साधारण सभा हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै कम्पनीको रजिष्टर्ड कार्यालयको सूचना पाटीमा टाँस गर्नुका साथै कम्पनीको वेवसाईटमा समेत राखिनेछ ।

# प्रोक्सी फारम

**श्री सञ्चालक समिति,**
तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
का.म.न.पा. ६, बौद्ध, काठमाण्डौ ।

**विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।**

महोदय,

.......................................जिल्ला..................................महानगरपालिका/नगरपालिका/गाउँपालिका, वडा नं. ........... बस्ने म/हामी.............................ले त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति २०८१ पौष २४ गते (तदानुसार ८ जनवरी, २०२५) बुधबारका दिन हुने २८ औं वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नको लागि ..................................... जिल्ला ...................... महानगरपालिका/नगरपालिका/गाउँपालिका, वडा नं. ......... बस्ने श्री ................................. शेयर प्रमाण पत्र नं./हितग्राही खाता नं. ....................... लाई मेरा/हाम्रो प्रतिनिधि मनोनीत गरी पठाएको छु/छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको नामः
दस्तखत नमुनाः
शेयर प्रमाणपत्र/शेयरधनी परिचय नं.:

निवेदकको दस्तखतः
नामः
ठेगानाः

| हितग्राही खाता नं. | DP ID | | | | | | | | Beneficial Owneer ID | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | |

शेयरधनी परिचय नं.
शेयर प्रमाणपत्र नं.
शेयर संख्याः
मितिः

**द्रष्टव्यः १)**
यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरि सक्नु पर्नेछ ।

---

## तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
## (२८ औं वार्षिक साधारण सभामा)
## प्रवेश पत्र

हितग्राही खाता (BOID) नं.:
शेयर प्रमाणपत्र नं.
शेयर संख्याः
शेयरधनीको नामः..................................
शेयरधनीको हस्ताक्षर (सही):.....................

**द्रष्टव्यः**
१) तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको मिति २०८१ पौष २४ गते (तदानुसार ८ जनवरी, २०२५)बुधबारका दिन हुने २८ औं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश पत्र ।
२) शेयरधनी महानुभावहरु आफैंले माथि उल्लेखित खाली ठाउँहरुमा सम्पूर्ण विवरण भर्नु हुन अनुरोध छ ।
३) सभा कक्षमा प्रवेश गर्न यो प्रवेश पत्र अनिवार्य रुपमा देखाउनु पर्नेछ ।

कम्पनी सचिव

# सञ्चालक समितिको तर्फबाट प्रबन्ध संचालकज्यूको प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको २८ औं वार्षिक साधारण सभामा यहाँहरु सबैलाई कम्पनी, संचालक समिति तथा म मेरो व्यक्तिगत तर्फबाट स्वागत गर्ने अवसर प्राप्त भएकोमा श्री पशुपति नाथ प्रति हार्दिक आभार प्रकट गर्दछु ।

नेपालको प्रचलित कानुन बमोजिम लिनुपर्ने सम्पुर्ण निकायहरुबाट स्विकृति प्राप्त गरी तारागाँउ विकास समिति लगायत स्वदेशी तथा विदेशी लगानीकर्ताहरु समेतको संयुक्त लगानीमा संस्थापित तपाई हामी सबैद्धारा सञ्चालित यस तारागाऊँ रिजेन्सी होटल्स लिमिटेडको २८ औं वार्षिक प्रतिवेदन तथा ३१ असार, २०८१ (१५ जुलाई, २०२४) मा समाप्त भएको आर्थिक वर्षको लेखापरिक्षण गरिएको वित्तीय विवरणहरु यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा हामी गौरवान्वीत भएका छौं । नेपालको प्रचलित कानून बमोजिम नेपाल वित्तिय प्रतिवेदनमा (Nepal Financial Reporting Standards "NFRS") को मापदण्ड अनुसार कम्पनीको वित्तिय विवरणहरु तयार गरि यहाँहरु समक्ष प्रस्तुत गरिएको छ ।

शेयरधनी महानुभावहरु, पर्यटन व्यवसाय अन्य व्यवसाय भन्दा संवेदनसील व्यवसाय भएकाले राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा आउने विभीन्न राजनितिक, भौगोलिक, आर्थिक तथा प्राकृतिक समस्या तथा परिवर्तनहरु बाट सबै भन्दा पहिले प्रभावित पर्यटन व्यवसाय हुन जान्छ । यहाँहरुलाई थाहा नै छ, विश्वव्यापि रुपमा फैलिएको कोभिड- १९ को महामारिका कारण धरातलमा पुगेको यस पर्यटन व्यवसाय अझै महामारीका दिर्धकालीन प्रभावहरुबाट पुर्णरुपले मुक्त हुन सकेको अवस्था छैन । सन् २०२२ बाट विश्व पर्यटन सुधारान्मुख बाटोमा लागेकाले नेपालको पर्यटन क्षेत्रमा पनि विगत आ.व. २०८०।०८१ मा केहि सुधार आएको देखिन्छ । तर गत आ.व २०८०।८१ मा रुस - युक्रेनको युद्ध, इज्रायल-प्यालेसटिनियन द्वन्द जस्ता भू-राजनितिक अस्थीरता का कारण विश्व अर्थतन्त्र तथा नेपाल समेतको अर्थतन्त्रमा संकुचन आई International Monetary Fund अनुसार २०२३ र २०२४ मा विश्वको आर्थिक बृद्धिदर ३.१ प्रतिशत रहने र अस्वभाविक मुल्यवृद्धि समेत भएकोले आर्थिक तथा आन्तरिक पर्यटनजन्य गतिविधिहरुमा केहि ह्रास आएको जनाएको छ ।

नेपाल सरकार अध्यागमन विभागले प्रकाशन गरेको तथ्याङ्क अनुसार सन् २०२३ मा हवाई मार्ग मार्फत् नेपाल आगमन गर्ने पर्यटकहरुको संख्या १०,१४,८९१ थियो भने हाल सन् २०२४ को नोभेम्बर महिना सम्ममा मात्र नेपाल आउने पर्यटकको संख्या बढ्न गई १०,५५,५३३ हुन पुगेको छ । पर्यटक आगमनको संख्या गत वर्ष भन्दा यस आर्थिक वर्षमा वृद्धि भए संगै यस होटलको आयमा समेत उल्लेख्य वृद्धि भएको छ ।

देशमा पर्यटकको संख्या केहि संख्यामा मात्र वृद्धि भएतापनी दिन प्रति दिन विभीन्न तारे होटलहरु संचालनमा आए संगै व्यवसायमा प्रतिष्पर्धा बढ्दो क्रममा रहेको छ । यद्दपी यस होटलले नयाँ तथा आधुनिक प्रविधिहरुको प्रयोग गर्दै ग्राहकहरुको सुविधा र सन्तुष्टीलाई ध्यान केन्द्रित गरि व्यवसायिक प्रतिष्पर्धामा आफुलाई अब्बल कायम राखी प्रभावकारी ढङ्गले व्यवसाय संचालन गर्दै नाफा आर्जन गर्दै आएको छ ।

समय संगै बढ्दो विश्वव्यापिकरण र आधुनिकिकरणले गर्दा होटलमा आउने राष्ट्रिय तथा अन्तराष्ट्रिय अतिथिहरुले समय अनुकुलका आधुनिक आरामदायी सेवा सुविधाको अपेक्षा राख्ने भएकाले व्यवसायीक प्रतिष्प्रधामा आफ्नो उच्च स्तर कायम राख्न यस होटलले आफ्ना स्रोत साधन तथा कोठाहरुको स्तरउन्नतीको लागी आवश्यक मर्मत संभार तथा पुनः निर्माणको कार्य सुरु गरेको छ । तसर्थ यस होटलले आफ्ना प्लान्ट तथा मेसिनरीहरु, फर्निचर, कम्प्युटर र कोठाहरुलाई पुर्ण रुपले मर्मत सम्भार तथा सुधार कार्य गरी सेवा प्रवाहलाई अझै चुस्त

बनाई ग्राहकहरुलाई नयाँपन प्रदान गर्ने गरी अन्तर्राष्ट्रिय स्तरको गुणस्तरीय सेवा सुविधाहरु प्रदान गर्दै आगामी वर्षहरुमा होटलको व्यवसायिक आम्दानीमा उल्लेख्य वृद्धि गर्ने लक्ष्य रहेको यहाँहरुलाई जानकारी गराउँदै प्रतिवेदित आर्थिक वर्ष २०८०।०८१ मा कम्पनीले प्राप्त गरेको उपलब्धि, आगामी वर्षको कार्ययोजना तथा कार्यनिति, व्यवसायिक लक्ष्यको विस्तृत विवरण सहितको यो प्रतिवेदन यहाँहरु समक्ष प्रस्तुत गर्दछु ।

**क) विगत वर्षको कारोबारको सिंहावलोकनः**

आर्थिक वर्ष २०८०।०८१ र २०७९।०८० को कारोबारको विवरण यस प्रकार रहेको छ ।

**(रु. करोडमा)**

| विवरण | आ.व २०८०।०८१ | आ.व २०७९।०८० | फरक रकम | फरक प्रतिशन |
|---|---|---|---|---|
| कोठा बिक्रिबाट आम्दानी | ७९.५८ | ६७.८५ | ११.७३ | १७.२९% |
| **खाद्य तथा पेय पदार्थ बिक्रिबाट आम्दानी** | **६५.०५** | **६२.२८** | **२.७७** | **४.४५%** |
| **अन्य संचालित विभागको आम्दानी** | **४.८८** | **४.३** | **०.५८** | **१३.४९%** |
| कारोबारबाट आम्दानी | १४९.५१ | १३४.४२ | १५.०९ | ११.२३% |
| अन्य आम्दानी | २४.६४ | २२.७६ | १.८८ | ८.२६% |
| जम्मा आम्दानी | १७४.१५ | १५७.१८ | १६.९७ | १०.८०% |
| न्युन संचालन खर्च | ४४.४४ | ४८.१६ | -३.७२ | -७.७२% |
| **न्युन कर्मचारी खर्च** | **४०.१८** | **३३.५८** | **६.६** | **१९.६५%** |
| न्युन प्रशासनिक खर्च | ७.१८ | ९.०९ | -१.९१ | -२१.०१% |
| न्युन बिक्री प्रवर्द्धन खर्च | ६.०६ | ५.४४ | ०.६२ | ११.४०% |
| **संचालन मुनाफा** | **७६.२९** | **६०.९१** | **१५.३८** | **२५.२५%** |
| न्युनः ह्रास कट्टी | ७.७७ | ७.२२ | ०.५५ | ७.६२% |
| न्युनः वित्त खर्च | १.८४ | १.९४ | -०.१ | -५.१५% |
| **कर पहिलेको खुद नाफा** | **६६.६८** | **५१.७५** | **१४.९३** | **२८.८५%** |
| **न्युनः चालु कर** | **१४.१२** | **११.१९** | **२.९३** | **२६.१८%** |
| **न्युनः पर सारिएको कर** | **०.०७** | **०.१३** | **-०.०६** | **-४६.१५%** |
| **खुद नाफा** | **५२.५०** | **४०.४३** | **१२.१** | **२९.८३%** |

गत आ.व.२०७९।०८० (१७ जुलाई २०२२ देखि १६ जुलाई २०२३ सम्मको अवधि) मा कारोबारको आम्दानी १३४.४२ करोड रहेकोमा यस आ.व २०८०।८१ ( १७ जुलाई २०२३ देखी १५ जुलाई, २०२४ सम्मको अवधीमा ११.२३ % ले बढी १४९.५१ करोड हुन पुगेको छ ।गत वर्ष को तुलनामा जम्मा आम्दानी १५७.१८ करोड बाट ११ % ले वृद्धि भई १७४.१५ करोड, संचालन मुनाफा ६०.९१ करोड बाट २५.२५ % ले वृद्दि भई ७६.२९ करोड, कर पहिलेको खुद नाफा ५१.७५ करोड बाट २८.८५% ले वृद्दि भई ६६.६८ करोड भएको छ । साथै खुद नाफा ४०.४३ करोड मा २९.५४ % ले वृद्दि भई ५२.५० करोड हुन पुगेको छ ।

**पुरस्कार तथा सम्मानः**

पर्यटन व्यवसायमध्ये सबै भन्दा बढी आयकर दाखिला गरी हालसम्म उत्कृष्ट करदाताको रुपमा गत आर्थिक वर्ष

समेत गरी ६ पटक सम्म पर्यटन क्षेत्रमध्ये सबै भन्दा बढी आयकर बुझाउने कम्पनीको रुपमा नेपाल सरकारद्वारा सम्मानित भई सकेको र अमेरिका स्थित Trip advisor, Incorporation बाट "2024 Travelers Choice Award" र South Asian Travel Awards (SATA) बाट "2023 Leading Airport Hotel" को पुरस्कार प्राप्त गरी सकेको छ। यहाँहरु सबैको अथक मेहनत, परिश्रम र विश्वासको परिणाम स्वरुप होटललाई यि पुरस्कारहरु प्राप्त भएका हुन्। यि पुरस्कार तथा सम्मानको लागि यस होटलमा कार्यरत सम्पुर्ण कामदार, कर्मचारी, व्यवस्थापक, संचालक, संचालक समिति लगायत सबै प्रत्यक्ष अप्रत्यक्ष रुपमा जोडिनु हुने सम्पुर्ण महानुभावहरुलाई बधाई दिँदै तपाई हामी सबै धन्यवादको पात्र रहेको समेत जानकारी गराउँदछु।

**अक्युपेन्सी र कोठाको औषत दर**

**कम्पनीको गत ४ आर्थिक वर्षको अक्युपेन्सी र कोठाको औषत दर निम्नानुसार रहेको छ।**

| विवरण | आ.व २०८०।०८१ | आ.व २०७९।०८० | आ.व ७८.७९ | आ.व २०७७।०७८ |
|---|---|---|---|---|
| अक्यूपेन्सी (Occupancy) प्रतिशत | ६४.६ % | ५६.६% | ३१% | ५.८ % |
| कोठाको औसत दर Average Room Rate –ARR | १२,०५६.०२ | १२,०८४.७४ | ९,८८५.१३ | ८,५७६ |

यस होटलको गत आर्थिक वर्षको अक्युपेन्सी ५६.६% र औसत कोठा भाडादर रु.१२,०८४.७४ रहेकोमा यस आ.व.मा अक्यूपेन्सी ६४.६% र औसत कोठा भाडा दर रु.१२,०५६.०२ रहेको छ। औसत भाडा दर गत आर्थिक वर्षको भन्दा बढ्न नसकेता पनि अक्यूपेन्सी दर ५६.६% बाट ६४.६ % हुन आएकाले होटलको आम्दानी बढ्न गएको अवगत गराउन चाहन्छौं।

**आर्थिक वर्ष २०७६।०७७ देखि २०८०।०८१ सम्मको यस होटलको कुल आम्दानी, खुद नाफा, क्षेत्रगत आम्दानी, अक्यूपेन्सी दर, शिर्षक अनुसार कुल खर्चको विवरण र सञ्चालन नाफाको स्थिति निम्न चित्रबाट प्रष्ट पार्न चाहन्छु।**





खुद नाफा (रु करोडमा)
६०
५०
४०
३०
२०
१०
०
-१०
१६.९
-३.५
१९.०६
४०.४३
५२.५
२०७६।०७७
२०७७।०७८
२०७८।०७९
२०७९।०८०
२०८०।८१




क्षेत्रगत आम्दानी ( रु करोडमा)
९०
८०
७०
६०
५०
४०
३०
२०
१०
०
७९.५८
६५.०५
२४.६४
६७.८५
६२.२८
२७.०६
२९.०९
३७.९७
१७.८३
४.६९
८.३२
१४.१३
४४.४३
३७.७१
२०.५२
२०८०।८१
२०७९।०८०
२०७८।०७९
२०७७।०७८
२०७६।०७७
कोठा
खाद्य तथा पेय
अन्य




अक्युपेन्सी दर प्रतिशतमा
४१.६
५.८
३१.
५६.६
६४.६४
२०७६।०७७
२०७७।०७८
२०७८।०७९
२०७९।०८०
२०८०।८१







**(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असरः**

United Nations World Tourism Organization (UNWTO) - 19 January 2024 को प्रतिवेदन अनुसार सन् २०२३ मा अन्तराष्ट्रिय पर्यटन ८८ % ले कोभीड अघिको समय जस्तो हुन पुगेको र Global GDP मा यसले ३ % ले प्रभाव पुर्याएको जनाएको थियो ।सन् २०२४ को अन्त्य सम्ममा विश्व पर्यटन कोभिड अघि कै स्थीतिमा पुगि थप २ % ले वृद्दि हुने अनुमान गरिएको थियो ।सोहि प्रतिवेदन अनुसार अन्य क्षेत्रको भन्दा एसिया भूभागमा कम सुधार आई सन् २०२३ मा ६५ % ले कोभिडको अघिको समय जस्तो भएको र सन् २०२४ को अन्त्यमा ९२ % ले विकास हुने अनुमान गरिएको थियो ।

सन् २०२४ जुलाई सम्मको तथ्याङ्क हेर्नेहो भने अन्तराष्ट्रिय पर्यटकको संख्या ७९० मिलियन हुन गई कोभिड अघिको समय संगको तुलनामा ९६ % ले पुगिसकेको देखिन्छ भने एसिया भूभागमा विशेष गरि दक्षिण एसियामा सुधार तुलनात्मक रुपमा कम देखीन्छ । कोभिडको समयको तुलनामा हाल विश्व पर्यटनमा सुधार आई केहि वर्षमै पहिले कै स्थितिमा पुग्न सक्ने संभावना रहेकाले नेपालको पर्यटन क्षेत्रमा पनि त्यसको प्रभाव परेको देखीन्छ ।

नेपाल सरकार अध्यागमन विभागले प्रकाशन गरेको तथ्याङ्क अनुसार सन् २०२३ मा हवाई मार्ग मार्फत् नेपाल आगमन गर्ने पर्यटकहरुको संख्या १०,१४,८९१ थियो भने हाल सन् २०२४ को नोभेम्बर महिना सम्ममा नेपाल आउने पर्यटकको संख्या १,०५५,५३३ हुन पुगेको छ। तसर्थ गत वर्षको तुलनामा पर्यटकको संख्या बढ्न गएकाले यस होटलको समेत अक्युपेन्सी दर गत वर्ष ५६.६ % बाट यस वर्ष ६४.६ % हुन पुगेको छ ।

कोभिड-१९ बाट सिर्जित परिस्थिति र रसिया-युक्रेन बीचको युद्धको कारण समग्र विश्व अर्थतन्त्रको गतिविधिहरुमा संकुचन आई विश्वको आर्थिक वृद्धिदरमा नकारात्मक असर पर्न गएको र त्यसको प्रत्यक्ष प्रभाव पर्यटन क्षेत्र विशेष गरि होटल क्षेत्रमा परेको कुरा यहाँहरुलाई सर्व विदित नै छ ।

साथै World Economic Forum (21 may 2024) ले प्रकाशन गरेको प्रतिवेदन अनुसार अत्याधिक विश्वव्यापी मुद्रास्फिति का कारण हवाई टिकेट तथा आवास खर्च समेत वृद्दि हुन गएकाले यात्रु तथा पर्यटकहरुको संख्या र क्रय शक्ति कम हुन गई विश्व पर्यटनमा अपेक्षित विकास नभएको जनाएको छ। साथै जलवायु परिवर्तन, ग्लोबल वार्मिंग र कौशल श्रमिकको अभावहरु पनि आजका दिनहरुमा पर्यटक व्यवसायका चुनौतिहरु रहेको बताएको छ । World Bank Group (April 23, 2024) ले सन् २०२४ मा विश्वव्यापी मुद्रास्फिति ६.९ % मा आउने अनुमान गरेको छ । साथै International Monetary Fund (IMF) को अद्यावधिक तथ्याङ्क अनुसार सन् २०२४ मा विश्वव्यापी आर्थिक वृद्धिदर ३.1% मा सिमित हुने प्रक्षेपण गरेको छ। तसर्थ विभिन्न आर्थिक, भु-राजनितिक, सामाजिक तथा प्राकृतिक कारणहरुले पर्यटन क्षेत्र विकासमा असर पुर्याएका छन् ।

नेपाल एक सानो देश भए तापनि प्राकृतिक श्रोत सम्पदाले भरिपूर्ण, मौसम सहितको जैविक विविधता, सांस्कृतिक तथा जातिय विविधता आदिको कारण पर्यटनको प्रचुर सम्भावना बोकेको देश हो। राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको पर्यटन व्यवसायले देशको आर्थिक विकासमा प्रमुख भुमिका खेलेको छ । विश्वको सर्वोच्च शिखर सगरमाथा, विश्व सम्पदा सुचीमा सुचिकृत १० वटा विश्व सम्पदाहरु, १२३ वटा भाषाहरु सहितको सांस्कृति पहिचान, ९१५ प्रजातिका पंक्षी, एक सिङ्गे गैडा, गौतम बुद्ध जन्मेको देश, प्राकृतिक सौन्दर्य तथा सम्पदाले भरिपूर्ण र अतिथि देबो भवः अर्थात् पाहुना भगवान हुन् भन्ने मान्ने देश नेपाल आफैंमा अलग पहिचान बोकेको देश भएकोमा पर्यटकहरुले इच्छाइएको एक नम्वरको गन्तव्य स्थल बनाउन हामी होटल व्यवसायीहरुको एकल प्रयास मात्रले सम्भव नहुने भएकोले नेपाल सरकार, सम्बन्धित मन्त्रालय, विभाग तथा नियामक निकाय लगायत सरोकारवालाहरुको विशेष पहलको आवश्यकता छ ।

धार्मिक यात्रा, ट्रेकिङ, साहसिक खेल, मनोरञ्जन, व्यवसायिक यात्रा, पर्वतारोहण आदि विविध कारणले नेपाल आउने भए तापनि पर्यटन क्षेत्रहरुको विस्तार, विकास र प्रवर्द्धन गर्नका निमित्त तथा पर्यटकको सहज पहुँचका निमित्त भौतिक पुर्वाधारहरुको विकासको लागि उचित पहल नभएबाट पर्यटकहरुको आगमनमा अपेक्षाकृत वृद्धि भएको पाइदैन ।

सडक निर्माणमा ढिलाई, सडक मर्मत कार्यमा लापरवाहीको कारण पर्यटकहरुले असहजता भोग्नु परेकोले पर्यटकहरुले आफ्नो भ्रमण अवधि छोट्याउन बाध्य भएका छन् । पर्यटकहरुको भोग्नु परेको समस्याहरुको पहिचान गरी सो सम्बन्धमा सम्बोधन नहुनुले पर्यटकको संख्या उचित रुपमा वृद्धि हुन सकेको छैन । साथै नेपालका ७७ वटै जिल्ला आफ्ना प्राकृतिक, सामाजिक र सांस्कृतिक विशेषताले विशेष रहेता पनि अपर्याप्त राज्य शक्ति र सहयोगका कारणले गर्दा पर्यटक गन्तव्यको रुपमा स्थापना हुन सकेका छैनन् । जसले गर्दा नेपालमा दोहोरो भ्रमणमा आउने पर्यटकको संख्या कम भएको छ भने स्थानिय स्तर सम्म पर्यटन व्यवसाय फस्टाउन सकेको अवस्था छैन ।

हाल नेपालमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल गरि जम्मा तिन वटा अन्तर्राष्ट्रिय विमानस्थल रहेका छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सिमित क्षेमता र हाल विस्तारको कार्य अघि बढ्ने भनि प्रति दिन १० घण्टाको लागि बन्द गरिएकोमा सो कार्यले नेपालमा अन्तराष्ट्रिय यात्रुको लागि विमान खर्च बढ्न गई पर्यटन क्षेत्रमा नकरात्मक प्रभाव पर्दै आएको देखीन्छ । गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित संचालनको लागि स्वदेशी तथा विदेशी नियामक निकायको सहयोग र सद्भावको अपेक्षामा रहेको छ भने पोखरा अन्तर्राष्ट्रिय विमानस्थल अझै प्रभावकारी ढङ्गले संचालनमा आउन सकेको छैन । प्रत्येक अन्तर्राष्ट्रिय विमानस्थलहरु पूर्ण रुपमा व्यबस्थित ढङ्गले संचालनमा आए सँगै पर्यटकको आगमनमा वृद्धि हुने अपेक्षा रहेको छ ।

पर्यटन विभागको Nepal Tourism Statistics 2024 को प्रतिवेदन बमोजिम नेपालमा थप स्वदेशी तथा विदेशी लगानीमा नयाँ नयाँ विभिन्न अन्तर्राष्ट्रिय ब्राण्ड तथा स्तरका तारे स्तर तथा अन्य पर्यटकीय स्तरका होटलहरु दर्ता प्रक्रियामा, निर्माणाधिन अवस्थामा तथा केही संचालनमा समेत आएको र कतिपय निकट भविष्यमा नै संचालनमा आउने क्रममा रहेका छन् । तर सोही अनुपातमा पर्यटकको आगमनमा वृद्धि हुन सकेको भने छैन । यस कारणले प्रतिस्पर्धा अझै बढ्न गएको छ । यस्तो प्रतिस्पर्धात्मक अवस्था विद्यमान हुँदा पर्यटकहरुको सरोकारका विषयहरुको पहिचान गरी पर्यटन प्रवर्द्धन गर्न नेपाल सरकार लगायत सरोकारवाला निकायहरुले समय मै ध्यान दिई आवश्यक गृहकार्य गर्न जरुरी देखिन्छ। नेपालमा विभिन्न देशबाट आगमन हुने पर्यटकहरुको तुलना गर्दा सबै भन्दा बढि पर्यटक छिमेकि राष्ट्र भारत र चिनबाट आएको देखिन्छ नेपाल सरकारले यस विषयलाई ध्यानमा राखी निजि संघसंस्था समेतको सहयोगमा छिमेकि राष्ट्रमा पर्यटन प्रबधनका लागि विभिन्न मार्केटिङका रणनिति अपनाउन सके नेपालमा छिमेकि राष्ट्रबाट आउने पर्यटकको संख्याले नेपालको पर्यटन व्यवसायको बढ्दो प्रतिष्पर्धामा सन्तुलन आउने थियो ।

विकासमा स्वदेशि तथा विदेशी पर्यटकका अतिरिक्त नेपालमा "व्यवसायिक भ्रमण" गर्ने वातावरण र भौतिक पुर्वाधारहरुको निर्माण, विकास र बिस्तार गर्न अपरिहार्य भई सकेको छ। व्यवसायिक रुपमा विभिन्न अन्तर्राष्ट्रिय सभा सम्मेलनहरुको आयोजना हुन थालेमा यो पर्यटन व्यवसाय एंव व्यवसायी सुरक्षित हुने र मुलुकको समेत पहिचान हुने भएकोले यस तर्फ सरकारको गम्भिर ध्यानाकर्षण हुन जरुरी रहेको छ ।

**(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा यस प्रकार छन् :**

- **१. चालु वर्षको २०८१।०६।१४ (सेप्टेम्बर ३०, २०२४) गते सम्मको उपलब्धिः**

**(रु. करोडमा)**

| विवरण | यस आ.व.२०८१ श्रावण १ देखि आश्विन १४ सम्म | गत आ.व.२०८० श्रावण १ देखि आश्विन १३ सम्म | फरक रकम रु. | प्रतिशत (%) |
|---|---|---|---|---|
| संचालन आम्दानी | २७.५३ | २३.२३ | ४.३ | १९ % |
| अन्य आम्दानी | २.६ | २.९९ | - ०.३९ | - १३% |
| **जम्मा आम्दानी** | **३०.०७** | **२६.२१** | **३.८६** | **१५ %** |
| संचालन तथा बिक्रिको लागत | १६.२० | १२.५७ | ३.६३ | २९ % |
| प्रशासनिक खर्च | ५.८ | ६.३९ | -०.५९ | -९ % |
| **संचालन मुनाफा** | **८.०९** | **७.२५** | **०.८४** | **१२%** |
| ह्रास कट्टी | २.३ | १.४९ | ०.८१ | ५४ % |
| **आयकर तथा बोनस व्यवस्था अघिको खुद नाफा** | **५.८** | **५.७६** | **०.०४** | **१ %** |

- **चालु वर्षको प्रमुख लक्ष्य :**

सन् २०२२ देखि कोभिडको अन्त्य भएसँगै नेपालमा पर्यटकको आगमन तथा पर्यटकिय गतिविधिहरुमा सुधार आई चालु आ.व. २०८१।०८२ को प्रथम त्रैमासिक अवधि (२०८१ श्रावण, भाद्र, अश्विन) मा यस होटलमा पर्यटकीय व्यवसायिक गतिविधि तथा क्रियाकलापहरु सुधारात्मक देखिएको छ । अध्यागमन विभागले प्रकाशित गरेको तथ्यांक अनुसार सेप्टेम्बर महिनामा ९६,३०५, अक्टुबर महिनामका १२४,३९३ र नोभेम्बर महिनामा ११४,५०१ जना पर्यटकहरु हवाई मार्गबाट नेपाल भित्रिएका थिए । तीमध्ये समिक्षा अवधिमा सबैभन्दा बढी संख्या ७०,३०७ भारतीय पर्यटकको थियो । उपलब्ध तथ्यांक अनुसार गत वर्षको सोही समिक्षा अवधिमा जम्मा २३३,६२३ जना पर्यटकहरु नेपाल भित्रिएका थिए । यो तथ्यांक र यस वर्षको सोही समिक्षा अवधिमा देश भित्रिएका पर्यटकको संख्या तुलना गर्दा यस वर्ष पर्यटकहरुको संख्या ८ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

पर्यटकहरुको संख्यामा वृद्धि भए संगै यस होटलको पनि प्रथम त्रैमासिक अवधिमा अक्युपेन्सि दर अघिल्लो वर्षको सोही अवधिको तुलनामा वृद्धि भएको देखिन्छ । यसैगरी, आगामी दिनहरुमा नेपालको पर्यटकीय क्षेत्रमा सुधार आउँदै गए, यस होटलको व्यवसायमा आउँदो त्रैमासिक अवधिमा पनि थप सुधार आउने देखिन्छ।

पर्यटकको आगमनमा वृद्धि भए सँगै पर्यटकहरुलाई अन्तर्राष्ट्रियस्तरको गुणस्तरीय सेवा प्रदान गर्दै प्रतिस्पर्धी बजारमा आफुलाई अग्र स्थानमा कायम राखी राख्न उपलब्ध स्रोत तथा साधनहरुको समुचित उपयोग गर्दै नयाँपनको आभास गराउँदै ग्राहक केन्द्रित सेवा रणनीति बनाई आम्दानीलाई उल्लेख्य सुधार गर्ने र खर्चहरुमा मितव्ययीता अपनाई कटौती तथा नियन्त्रण गरि नाफामा सुधार गर्ने प्रयास जारी रहेको छ ।

नेपालको सुधारोन्मुख राजनीतिक तथा पर्यटकीय आगमन बृद्धि हुनुको साथै पर्यटक क्षेत्रमा पनि तारे होटलहरूको संख्यामा भएको बृद्धिले गर्दा व्यवसायिक प्रतिस्पर्धा सिर्जना भएको देखिन्छ । हालको अवस्थामा यस होटलले व्यवसायिक प्रतिस्पर्धामा आफूलाई सबल राखेको छ र आगामी अवधिको कडा व्यवसायिक प्रतिस्पर्धालाई सामना गर्न थप आवश्यक पूर्वाधारहरूको निर्माण तथा स्तरोन्नती गर्ने होटलको मर्मत पुर्ण रेनोभेसन तथा विस्तारका कार्यहरु अगाढि बढाउने, संचालनमा रहेका रेष्टुरेन्टहरुबाट बजारमा नयाँ स्वाद पस्कने र ग्राहकहरुलाई सन्तुष्ट बनाई आकर्षित गर्ने, स्वदेशी तथा विदेशी ग्राहकहरुलाई लक्षित गरि विभिन्न कार्यक्रम तथा योजनाहरु संचालन गरि बिक्री तथा नाफामा उल्लेख्य सुधार ल्याउने लक्ष्य रहेको छ। कम्पनीको उपलब्ध श्रोत साधनलाई आवासीय, व्यवासयिक, सांस्कृतिक लगायतका मिश्रित उपयोगको लागि पहिचान गरी सोही अनुरुप आय श्रोत वृद्धि गरिनेछ ।

- **संस्थागत सामाजिक उत्तरदायित्व :**

कम्पनीले औद्योगिक व्यवसाय ऐन २०७६ को दफा ५४ बमोजिम संस्थागत सामाजिक उत्तरदायित्व स्वरुप छुट्टाएको रकम औद्योगिक व्यवसाय नियमावली २०७८ को नियम ४३ अनुसार तोकिएको क्षेत्रमा खर्च गर्दै आएको छ । विगत आ.व. २०८०।०८१ मा पनि संस्थागत सामाजिक उत्तरदायित्व वहन गरी विभिन्न जात जातिको संस्कृति संरक्षण तथा संवर्द्धन गर्न, शिक्षा जगतको प्रर्बधन तथा युवा प्रेरणा तथा खेलकुद विकासको लागि विभिन्न संघ संस्थालाई आर्थिक सहयोग गरेको जानकारी गराउन चाहन्छौं ।

**(घ) कम्पनीको औद्योगिक वा व्यवसायिक सम्बन्ध :**

पाहुनाको सन्तुष्टि नै होटलको सफलता हो भन्ने मान्यता बोकी ग्राहकको सन्तुष्टिलाई उच्च प्राथमिकतामा राखी आएको यस होटल राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको होटल, ट्राभल्स ऐजेन्सी, पर्यटन क्षेत्रसँग सम्बन्धित सबै कार्यालयहरु, नियामक निकायहरु, आपूर्तिकर्ता, ठेकेदारहरु बीच पूर्ण सामञ्जस्यता सम्बन्ध कायम राख्दै एउटै परिवारको रुपमा आफ्नोपनको अनुभूति गराउँदै आएकोले होटललाई मुलुकको "पहिलो रोजाइको होटल" का रुपमा स्थापित गर्न हामी सफल भएका छौं ।

साथै यस सम्बन्धलाई अझ प्रगाढ तथा सुमधुर बनाउन होटल निरन्तर सजग रहेको छ । आधुनिक तथा नविन प्रविधियुक्त सेवा र सुविधाहरु प्रारम्भ गर्दै होटल आज पाहुनाहरुको आवश्यकता अनुसारका उच्च गुणस्तरीय सेवाहरु प्रदान गर्न सक्ने गुणस्तरीय होटलको रुपमा परिचित भई विभिन्न स्वदेशी तथा विदेशी पाहुनाहरुलाई आकर्षित गर्न सक्षम भएको छ ।

होटल विभिन्न संस्थागत तथा उपभोक्तामुलक ग्राहकहरुको सेवामा समर्पित भई थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरु, अन्तर्राष्ट्रिय सहायता नियोगहरु, अन्तर्राष्ट्रिय कुटनीतिक नियोगहरुसँग घनिष्ट व्यवसायिक सम्बन्ध स्थापित गर्न पूर्ण रुपमा सफल भएकोछ । साथै होटलले स्वच्छ प्रतिस्पर्धा, व्यवसायिकता तथा आपसी हितको सिद्धान्तमा आधारित नीति अवलम्वन गर्दै छिटो छरितो तरिकाले यी सबै ग्राहकहरुलाई अन्तर्राष्ट्रिय स्तरको होटल सेवा तथा सुविधाहरु उपलब्ध गराउँदै आइरहेकाछौं । साथै यी सेवा र सुविधाहरुलाई अझै गुणस्तरीय बनाउन निरन्तर प्रयत्नशील रहेका छौं ।

**(ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण :**

यस कम्पनीमा कम्पनी ऐन २०६३ बमोजिम ११ जनाको संचालक समिति रहेको छ । जसमध्ये नियमानुसार २ जना स्वतन्त्र संचालक हुनुहुन्छ । समूह "क" तारागाउँ विकास समितिबाट प्रतिनिधित्व गर्ने श्री सुरेश राज जोशी र समूह "ख" बाट स्व.श्री राधेश्याम सराफज्यूको मृत्यु पश्चात रिक्त रहेको स्थानमा सोही समूहको पत्रानुसार श्री देवेश सराफ मिति २०७९।०५।१६ देखि लागु हुने गरि संचालकमा नियुक्त हुनु भएको छ । त्यसै गरि समूह "ख" बाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकहरु श्री अरुण कुमार सराफ, श्री सुरेश लाल श्रेष्ठ र श्री देवेश सराफ तथा कम्पनी ऐन, २०६३ को दफा ८६(३) बमोजिम नियुक्त स्वतन्त्र संचलाकहरु श्री श्रीबत्स ज.व. राणा र श्री मनोज प्रसाद राजभण्डारीज्यू कम्पनीको मिति २०७९।११।३ को निरन्तरता प्राप्त मिति २०८०।१।१० मा सम्पन्न २६ औं वार्षिक साधारण सभाबाट ४ वर्षको कार्यकालको लागि नियुक्ति अनुमोदन भएको छ ।

**(च) कारोबारलाई असर पार्ने मुख्य कुराहरु :**

पर्यटन व्यवसाय मुख्य गरी पर्यटकहरुको आवागमन, देशको राजनैतिक, आर्थिक र सामाजिक अवस्था, पर्यटकको सन्तुष्टी, भौतिक पूर्वाधारको विस्तार, विकास र मर्मत सम्भारतथा नयाँ पर्यटन स्थलको पहिचानमा भर पर्ने व्यवसाय हो । हाल देशमा विदेशी मुद्राको संचीति घट्दै गईरहेकोले नेपाल राष्ट्र बैंकले विदशी मुद्राको संचीतिको लागि आयातमा गरिरहेको कढाई, बढ्दो ब्याजदर र अस्वभाविक मुद्रास्फीर्तिले होटल व्यवसायमा असर परेको छ ।पर्यटकहरुको आगमन, औसत बसाईदर, औसत दैनिक खर्च र पर्यटनजन्य गतिविधिहरु बढ्दा कोभिडबाट ग्रसित होटल व्यवसायमा मुलभुत सुधार हुने देखिन्छ । होटलको व्यवसाय

प्रत्यक्ष रुपमा पर्यटन व्यवसाय अन्तर्गत पर्ने अतिनै सम्वेदनशील प्रकृतिको व्यवसाय भएको हुनाले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा विभिन्न कुराबाट प्रभावित भई रहने कुरा अवगत गराउन चाहन्छौं ।

साथै नोभेम्बर (२३ कात्तिक) देखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल १० घण्टाका लागि बन्द हुँदा पाँचतारे होटल क्षेत्रमा पाहुनाको आगमन ढिलाइ, बुकिङ रद्द, आम्दानीमा गिरावट, र व्यवस्थापनमा थप चुनौतीका कारण होटल तथा पर्यटन व्यवसायमा नकारात्मक प्रभाव पर्न  गएको छ ।

यस होटलले आगामी वर्ष देखी होटलका कोठा र अन्य सम्पुर्ण सेवा सुविधा उपलब्ध गराउन आवश्यक उपकरणहरुको पुर्ण रुपले रेनोभेसनको कार्य सुरु गर्ने निर्णय गरेकाले आउने २ वर्षमा होटलका ४०% कोठाहरु बन्द हुने भएकाले समेत होटलको व्यवसाय तथा कारोबारमा प्रभाव पर्ने कुरा अवगत गराउन चाहन्छौं ।

**समग्रमा होटल व्यवसायलाई प्रभावित पार्ने कुराहरु यस प्रकार रहेका छन्:**

- देशमा विदेशी मुद्राको संचिती घट्दै गईरहेको कारण नेपाल राष्ट्र बैंकले विदेशी मुद्रा संचितीको लागि आयात गर्दा राख्नु पर्ने मार्जिनमा वृद्धि गरि आयातमा कडाई गर्दा कोभिडको कारण संचालनमा नरहेका यन्त्र तथा उपकरणहरु मर्मत सम्भार गर्न, नयाँ उपकरणहरु खरीद गर्न, होटल्सका कोठाहरुलाई थप सुन्दर बनाई नयाँपनको आभास दिनको लागि आवश्यक सामग्रीहरु खरीद गर्दा लागत खर्च बढ्नु ।
- देशको राजनैतिक उतार चढावको कारणले गर्दा पर्यटन क्षेत्रमा पर्ने असर ।
- अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मुल्य वृद्धि भए सँगै अस्वभाविक रुपमा भएको मुद्रास्फीति ।
- होटल व्यवसायलाई उत्पादन मुलक उद्योग सरह मान्यता प्रदान गरी सोही अनुरुप सुविधा सम्बन्धित निकायबाट प्रदान नगर्नु ।
- नियामक सरकारी निकायले पर्यटन सम्भावनाको उचित प्रवर्द्धन नगर्नु तथा विदेशी विनिमय दरमा उच्च वृद्धि हुनु ।
- गुणस्तरीय पर्यटक आकर्षित गर्न नसक्नु, सो संख्यामा वृद्धि नहुनु र होटल व्यवसायमा प्रतिस्पर्धा हुनु ।
- देशमा विद्यमान महंगी ।
- देशमा नयाँ नयाँ पाँच तारे होटलहरु खुलेसँगै प्रतिस्पर्धा बढेको तर त्यसै अनुरुप गुणस्तरीय पर्यटक आगमनमा वृद्धि नहुनु ।
- पर्यटन सम्बन्धि भौतिक पूर्वाधारहरुको विकास तथा स्तरोन्नती नहुनु ।
- अप्रत्यासित रुपमा पर्यटन क्षेत्रमा हुने बन्द तथा हड्ताल जसको कारणले आन्तरिक तथा बाह्य पर्यटकमा पर्ने नकारात्मक प्रभाव ।
- प्राकृतिक तथा दैविक प्रकोपहरु ।

**(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रियाः**

- केही कैफियत उल्लेख नभएको ।

**(ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**

- प्रस्तुत आ.व. २०८०।०८१ मा पर्यटन जन्य गतिविधिहरु सहज रुपमा संचालन हुन लागेकोले होटल्सको

व्यवसायमा वृद्धि भई कम्पनीले नाफा आर्जन गरेको छ । सोही अनुरुप संचालक समितिको मिति २०८१।०८।१९ को बैठकले ११% नगद लाभांश (कर बाहेक) बाँड्ने प्रस्ताव गरेको छ ।

**झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सोबापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्रि गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरणः**

- प्रतिवेदन अवधिमा कम्पनीले कुनै शेयरहरु जफत गरेको छैन ।

**(ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्त्यमा रहेको स्थितिको पुर्वालोकन :**

- नभएको ।

**(ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेका प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएका महत्वपूर्ण परिवर्तनः**

- नभएको ।

**(ठ) विगत आ.व.मा कम्पनीको आधारभुत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**

- कुनै जानकारी कम्पनीलाई प्राप्त हुन आएको छैन ।

**(ड) विगत आर्थिक वर्षमा कम्पनीका संचालक तथा पदाधिकारीहरुले लिएको शेयर स्वामित्वको विवरण र कम्पनीको शेयर कारोवारमा निजहरु सलंग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी :**

- कुनै जानकारी कम्पनीलाई प्राप्त हुन आएको छैन ।

**(ढ) विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराईएको जानकारीको व्यहोरा :**

- कुनै जानकारी सञ्चालकबाट कम्पनीलाई हालसम्म प्राप्त हुन आएको छैन ।

**(ण) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण :**

- होटलको सञ्चालन अन्तर्राष्ट्रिय होटल सञ्चालक संस्था "हायात इन्टरनेसनल" ले गरिरहेको छ । हायात इन्टरनेशनलले अन्तर्राष्ट्रिय स्तरमा अपनाएको आन्तरिक नियन्त्रण प्रणाली (Internal Control System) यस होटलमा पनि लागु गरिएको जानकारी गराउदछु । आन्तरिक नियन्त्रणको लागि होटलले कर्मचारी नियमावली, आर्थिक प्रशासन नियमावली, लगायत प्रचलित ऐन, कानुन तथा नेपाल पर्यटन विभागबाट प्राप्त निर्देशनहरुको अधिनमा रही आन्तरिक नियन्त्रणको कार्य पनि गरिरहेको छ ।

कम्पनीमा निम्न उल्लेखित आन्तरिक नियन्त्रण प्रणालीहरुको विकास गरिएको छ :

१. हायात इन्टरनेसनलबाट निर्देशित अन्तर्राष्ट्रिय निर्देशनहरुलाई परिपालना गर्ने ।

२. आर्थिक नीति तथा लेखा सम्बन्धि निर्देशिकाहरुको परिपालना गर्ने ।

३. प्रत्येक महिना हायात इन्टरनेशनललाई आन्तरिक अनुगमन एवं नियन्त्रण प्रणाली अन्तर्गतको बिभिन्न प्रतिवेदनहरु बुझाउने ।
४. व्यस्थापन तथा लेखापरिक्षण समितिद्वारा आन्तरिक लेखा परिक्षण प्रणालीको आवधिक पुनरावलोकन गर्ने ।
५. प्रत्येक विभागहरुले Standard Operating Procedure पालना गर्ने ।

**(त) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**

होटलको व्यवस्थापन खर्च निम्न बमोजिम रहेको छः

**(रकम रुपैयाँमा)**

| विवरण | आ.व २०८०।८१ | आ.व २०७९।८० |
|---|---|---|
| कर्मचारी खर्च | ४०१,८०५,७१२ | ३३,५७,८९,७१३।- |
| प्रशासनिक, वित्तिय तथा व्यवस्थापन खर्च | ९०,१९५,५५३ | ११०,२५५,०३३।- |
| विक्रि तथा प्रवद्धन खर्च | ६०,५७८,९०४ | ५,४३,७६,३२८।- |
| **जम्मा** | **५५२,५८०,१६९** | **५०,०४,२१,०७४।-** |

**(थ) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरणः**

(१) कम्पनीको लेखापरीक्षण समिति सदस्यहरुको नाम तथा पारिश्रमिक :

**(रकम रुपैयाँमा)**

| बैठक मिति | श्री श्रीवत्स शमशेर राणा (अध्यक्ष) | श्री कमला देवी श्रेष्ठ (सदस्य) | श्री मनोज प्रसाद राजभण्डारी (सदस्य) |
|---|---|---|---|
| २०८०.०८।१२ | ११,७६४.७१ | ११,७६४.७१ | ११,७६४.७१ |
| २०८०।१२।२१ | ११,७६४.७१ | - | ११,७६४.७१ |
| २०८१।०१।२८ | ११,७६४.७१ | ११,७६४.७१ | ११,७६४.७१ |
| | **जम्मा** | **९४,११७.६८** | |

उपरोक्त लेखापरीक्षण समितिका सदस्यहरुलाई अन्य सुबिधा दिईएको छैन ।

**२. लेखापरीक्षण समितिले गरेको काम कारवाहीको विवरण :**

लेखापरीक्षण समितिले लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको विस्तृत रुपमा अध्ययन गरी होटलको वित्तिय स्थिति, आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन, ऐन/नियम र निर्देशनको अनुपालन आदि विषयहरुमा सञ्चालक समितिलाई सुधारको लागि सुझाव पेश गर्ने गरिएको छ । समितिले आन्तरिक लेखापरीक्षणको सिलसिलामा देखिएको कैफियत भए त्यसको सिफारिस सहित संचालक समितिलाई जानकारी दिने गर्दछ । यद्यपि उक्त अवधिमा कुनै कैफियत नदेखिएको अवगत गराउँदछौ । उक्त समितिको बैठकमा विभिन्न विषयमा विस्तृत जानकारी प्राप्त गर्नको लागि आवश्यकता अनुसार होटलका पदाधिकारीहरुलाई समेत आमन्त्रण गर्ने गरिएको छ । प्रत्येक बैठकमा सहभागीहरु मध्ये सञ्चालकलाई भत्ता वापत रु.११,७६४.७१ सञ्चालक सरह बैठक भत्ता प्रदान गरिदै आएको छ ।

**३. लेखापरीक्षण समितिले सुझाव दिएको भए सो विवरण :**

लेखापरीक्षण समितिले कम्पनी ऐन, २०६३ को दफा १६५ को उपदफा (घ) बमोजिम कम्पनीको आर्थिक

वर्ष २०८१।०८२ को लेखापरिक्षण गर्नको लागि ए.एस.आर. एण्ड एसोसिएट्सका सि.ए. श्री अंकुश कुमार ज्यूलाई लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक रु.३,००,०००।- अक्षरेपी तीन लाख रुपैयाँ (मु.अ.कर बोहक) निर्धारण गर्ने सुझाव पेश गरेको छ।

**(द) सञ्चालक, प्रबन्ध सञ्चालक, कम्पनीका आधारभुत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**

- **आधारभूत शेयरधनीहरुले कम्पनीलाई बुझाउन बाँकी रकमः**
  आइसिटिसि. प्रा. लि.रु. २,३३६,१९६।-
  होटल याक एण्ड यति लिमिटेड =रु. १,८२,५३९।-

**(ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

होटलको सञ्चालक समितिको बैठक बस्दा प्रति बैठक अध्यक्ष र सदस्यहरुलाई समान रुपमा रु ११,७६४।७१ बैठक भत्ता प्रदान गरिन्छ। यस आ.व.मा प्रबन्ध सञ्चालक ज्यूलाई कुल रु.१,२०,८७,०२४।- र कार्यकारी सञ्चालक ज्यूलाई कुल रु. ८,१०,७१,५०.३२।- पारिश्रमिक बापत भुक्तानी गरेको छ साथै गाडी तथा इन्धन सुविधा पनि प्रदान गरिएको छ।

**(न) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**

कम्पनीले वितरण गरेको आ.व. २०७३।०७४, २०७४।०७५, २०७५।०७६, २०७६।०७७ २०७८।०७९ र २०७९।८० को नगद लाभांश मध्ये आ.व. २०८०।०८१ को अन्त्य सम्म शेयरधनीहरुलाई भुक्तानी गर्न बाँकी रु. ४२,५४,५७,६८२।- रहेको छ। जस मध्ये संस्थागत विदेशी लगानीकर्ताहरुलाई नेपाल राष्ट्र बैंकबाट स्विकृति प्राप्त गर्ने प्रक्रियामा रहेकोले भुक्तानी गर्न रु.३८,८१,४२,४५० ।- बाँकी रहेको र बाँकी रकम अन्य शेयरधनीहरुलाई भुक्तानी गर्न बाँकी रहेको छ।

**(प) दफा १४१ बमोजिम सम्पत्ति प्राप्ति वा बिक्री गरेको विवरण :**

दफा १४१ बमोजिम सम्पत्ति प्राप्ति वा बिक्री नभएको।

**(फ) दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरण :**

नभएको।

**(ब) कम्पनी ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :**

**संस्थागत सुशासनः**

स्वदेशी तथा विदेशी लगानीमा संस्थापित एवं संचालित यस कम्पनीको संचालन र व्यवस्थापनमा संस्थागत सुशासनको प्रत्याभुति अत्यावश्यक हुन्छ। शेयरधनीहरुलाई लगानीको उचित प्रतिफलका अतिरिक्त कम्पनीको संस्थागत विकासको लागि सुशासनको भुमिका महत्वपूर्ण हुने भएकोले कम्पनीलाई सुशासित ढंगले संचालन एवं व्यवस्थापन गर्नका निमित्त कम्पनी व्यवस्थापन सदैव सजग र संवेदनशिल रहेको छ। पटक पटक गरि हालसम्म छ पटक पर्यटन क्षेत्र मध्ये सबै भन्दा बढी आयकर तिरीबुझाई नेपाल सरकार आन्तरिक राजश्व विभागबाट

सम्मानित भएको तथा पर्यटन क्षेत्र मध्ये सबै भन्दा बढी विदेशी मुद्रा आर्जन गरि नेपाल सरकार उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयबाट सम्मानित भएको असल संस्थागत सुशासन कै प्रतिफल भएको निवेदन गर्दछु ।

एउटा असल संस्थागत सुशासन अबलम्बन गरेको कम्पनीले आफ्ना लगानीकर्ताहरु र तेस्रो पक्षको विश्वास आर्जन गर्न सक्छ । यसै मान्यतालाई आत्मसाथ गरि सम्पूर्ण कारोबार ईमान्दारीका साथ पारदर्शी रुपमा गर्ने गरिएको छ। साथै आर्थिक क्रियाकलापहरु पनि पारदर्शी रुपमा हुनु पर्दछ भन्ने मान्यता राख्दछ र सोही अनुसार पारदर्शी रुपमा लेखा श्रेस्ता राख्ने गर्दछ। सञ्चालक समितिले कम्पनीको सञ्चालन गर्नको लागि कम्पनी ऐनले तोकेको मापदण्ड र नेपाल धितोपत्र बोर्डद्धारा जारी भएको संस्थागत सुशासनको परिपालना गर्दै आइरहेको छ। होटलमा कार्यरत उच्च स्तरका कर्मचारीहरुद्धारा विद्यमान नियम, विनियम तथा निति अन्तर्गत रहि कार्य गरिरहेको कुरा मुल्याङ्कन गर्ने गरिएको छ।

कम्पनीले आफ्नो कार्यसम्पादन तथा नतिजामा चासो भएका सरोकारवालाहरु जस्तै शेयरधनीहरु, सरकार, स्थानिय निकाय, बैंक तथा वित्तिय संस्थाहरु, साहुहरु, आसामीहरु, आपुर्तिकर्ताहरु, कर्मचारी संगठनहरु को हित संरक्षण गर्नको लागि काम गर्नु पर्दछ भनि मान्यता स्थापित गरि विभिन्न प्रकारका निति तथा नियमहरु बनाई लागु गर्ने र समय समयमा उक्त निति नियमको पूर्ण पालनाभए नभएको मुल्याङ्कन गर्ने गरेको कुरा अवगत गराउदछौं।

कम्पनीले प्रचलित ऐन तथा कानून, नेपाल र अन्तर्राष्ट्रिय लेखामान बमोजिमको मापदण्ड, नियमनकारी निकायहरुबाट समय समयमा जारी भएका नियम, विनियम, निर्देशन र परिपत्रहरुको पूर्ण रुपमा पालना गर्ने गरेको छ । साथै आन्तरिक नियन्त्रण प्रणाली चुस्त राख्न, सञ्चालन जोखिमहरु कम गर्न तथा कारोबारलाई थप पारदर्शी र व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियमहरु लागु गरि कम्पनीको सञ्चालक समिति, लेखापरीक्षण समिति लगायत सबैले आ-आफ्नै स्थानवाट कम्पनीको प्रगतिका निमित्त अहोरात्र खट्ने गरेको र आन्तरिक विभिन्न समितिहरु सदैव क्रियाशील रहि परिणाममुखि कार्यहरु गर्दै आइरहेका छन् ।

- **आर्थिक वर्ष २०८०।०८१ मा सञ्चालक समितिका सदस्यहरुः**

| | |
|---|---|
| श्री अरुण कुमार सराफ | प्रबन्ध सञ्चालक |
| श्री सुरेश लाल श्रेष्ठ | कार्यकारी सञ्चालक |
| श्री सुरेश राज जोशी | सञ्चालक (तारागाउँ विकास समिति) |
| श्रीमती कमलादेवी श्रेष्ठ | सञ्चालक-सर्वसाधारण समूह |
| श्री उमेश सराफ | सञ्चालक |
| श्री राजेश लाल श्रेष्ठ | सञ्चालक |
| श्री वरुण सराफ | सञ्चालक |
| श्री जयादिन श्रेष्ठ | सञ्चालक |
| श्री देवेश सराफ | सञ्चालक |
| श्री श्रीवत्स शम्शेर राणा | स्वतन्त्र सञ्चालक |
| श्री मनोज प्रसाद राजभण्डारी | स्वतन्त्र सञ्चालक |

- **सञ्चालक समितिको काम कर्तब्य**

  कम्पनी ऐन र नियमावलीमा लेखिएका कुराहरु र साधारण सभाको निर्णयको अधीनमा रही कम्पनीको सम्पूर्ण कारोबारको व्यवस्थापन, अधिकारहरुको प्रयोग र कर्तव्यको परिपालन सञ्चालकहरुले सामूहिक रुपमा सञ्चालक समिति मार्फत गर्ने गर्दछन् ।

- **सञ्चालक समितिको बैठक**

  आर्थिक वर्ष २०८०।०८१ मा जम्मा ६ पटक सञ्चालक समितिको बैठक बसेको छ ।

**(भ) अन्य आवश्यक कुराहरु :**

नभएको ।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (२) संग सम्बन्धित अनुसुची १५ अनुसारको अन्य विवरणहरु :**

- **कानुनी कारवाही सम्बन्धी विवरण :**

(क) यस कम्पनीका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

(ख) कम्पनीको कुनै पनि संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध सम्बन्धी कुनै मुद्दा नभएको ।

- **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

(क) नेपाल धितोपत्र बजारमा यस संस्थाको शेयर कारोबार बजारले प्रतिपादन गरेको मुल्य तथा मान्यता अनुरुप हुने गरेको ।

(ख) समीक्षा अवधिको शेयरको अधिकतम मुल्य, न्युनतम मुल्य, अन्तिम मुल्य, कुल कारोबार भएको दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्जको वेवसाइट www.nepalstock.com.np अनुसार निम्न बमोजिम छ:

| महिना | अधिकतम मुल्य (रु.) | न्युनतम मुल्य (रु.) | अन्तिम मुल्य (रु.) | कुल दिन | कुल कारोबार शेयर संख्या |
|---|---|---|---|---|---|
| आश्विन २०८० | ८३३.०० | ७२०.०० | ७४३.०० | ४९ | ५,१७१ |
| पौष २०८० | ८६१.९० | ८३१.०० | ८३८ | ८४ | ६,३२८ |
| चैत्र २०८० | ७८८.०० | ७३५.०० | ७६०.०० | ३२६ | ४१,३०५ |
| आषाढ २०८१ | ८२३.१० | ८०७.०० | ८०७.०० | १२२ | १५,७५६ |

**<u>समस्या तथा चुनौती</u> :**

नेपाल वित्तीय प्रतिवेदनमान-९ (NFRS-9) को क्षेत्र भित्रका सबै ईक्विटी लगानी समुचित मुल्यमा मापन गरिन्छ । ईक्विटी साधन जुन व्यापार प्रयोजनको निम्ति राखिएको छ र सम्भावित प्रतिफल जुन व्यवसाय संयोजन (Business Combination) को बखतमा नेपाल वित्तीय प्रतिवेदनमान-९ (NFRS-9) अनुसार लेखाङ्कन गरिएकोलाई नाफा वा नोक्सानी मार्फत समुचित मुल्यमा रहेको वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण गरिएको छ ।

**५) वित्तीय दायित्व :**
व्यवसाय संयोजनको सम्भाव्य प्रतिफल समुचित मुल्यमा नाफा नोक्सानमा लेखाङ्कन गरिएकोमा बाहेक वित्तीय दायित्वलाई प्रभावकारी ब्याजदरको प्रयोग गरी परिशोधन लागतमा लेखाङ्कन गरिन्छ । वासलात मिति पछि एक वर्ष भित्र भुक्तानी गर्नु पर्ने व्यापारीक तथा अन्य दायित्व छोटो अवधि भित्र परिपक्वता हुने भएकोले ति वित्तीय दायित्वको Carrying amount र समुचित मुल्य करीब समान हुन जान्छ ।

ब्याज वहन गर्ने ऋण र सापटीलाई तत्: पश्चात प्रभावकारी ब्याज दर पद्धतिको प्रयोग गरि परिशोधन लागत मुल्यमा लेखाङ्कन गरिएको छ । वित्तीय दायित्वलाई अभिलेखबाट हटाउदा लगायत प्रभावकारी ब्याज दरको प्रयोग गरि अपलेखन गर्दा भएको नाफा नोक्सानलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ । परिशोधन खर्च गणना गर्दा खरीद गर्दाको बखतको छुट तथा प्रिमियम र त्यसमा लागेको अन्य अभिन्न खर्चहरुलाई ध्यान दिइन्छ । परिशोधित प्रभावकारी ब्याजदरको परिशोधनलाई वित्तिय खर्चको रुपमा नाफा तथा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

**वित्तीय सम्पत्तिको पुर्नवर्गीकरण :**
यस कम्पनीले वित्तीय सम्पत्ति तथा दायित्व सुरुमा नै पहिचान गरी निर्धारण गर्दछ । सुरु पहिचान पश्चात्, वित्तीय सम्पत्तिको रुपमा रहेको इक्विटी उपकरण (Equity Instruments) र वित्तीय दायित्वमा कुनै पुनःवर्गीकरण गरिएको छैन । ऋण उपकरण (Debt Instruments) वित्तीय सम्पत्तिको रुपमा रहेमा त्यसको व्यवस्थापन गर्न व्यवसाय मोडेल (Business Model) परिवर्तन भएको अवस्थामा मात्र पुनःवर्गीकरण गरिन्छ । व्यवसाय मोडेल (Business Model) मा परिवर्तन बिरलै हुने अपेक्षा गरिन्छ । कम्पनीको उच्च व्यवस्थापनले कम्पनी सञ्चालनका सम्बन्धमा महत्वपूर्ण रहेका आन्तरिक तथा बाह्य परिवर्तनको कारणले व्यवसाय मोडेल (Business Model) परिवर्तनको निर्धारण गर्दछ । कम्पनीले आफ्नो लागि महत्वपूर्ण रहेको कुनै क्रियाकलाप सुरुवात गरेको वा बन्द गरेको अवस्थामा व्यवसाय मोडेल (Business Model) परिवर्तन हुन्छ । यदि कम्पनीले वित्तीय सम्पत्ति पुनःवर्गीकरण गरेमा सो पुनःवर्गीकरण, पुनःवर्गीकरणको मिति देखी लागु हुन्छ र जुन मिति व्यवसाय मोडेल परिवर्तन पछिको तुरुन्तै अर्को प्रतिवेदन मितिको पहिलो दिन हो । कम्पनीले पहिले लेखाङ्कन गरेको लाभ, नोक्सानी तथा ब्याज (अवमूल्यन लाभ वा नोक्सानी सहित) परिवर्तन गरेको छैन ।

**वित्तीय उपकरणको समायोजन गर्ने (Off Setting) :**
यदि सम्पत्तिको बिक्री र दायित्वको फछ्र्यौट खुद आधारमा गर्ने मनसाय छ र कानूनले पनि छुट दिएको छ भने वित्तिय सम्पत्ति तथा वित्तिय दायित्वलाई संयुक्त वासलातमा एक आपसमा समायोजन गरि खुद रकम मात्र देखाईन्छ ।

**वित्तीय उपकरण मान्य नहुने (Derecognition) :**
निम्न लिखित अवस्थामा प्रारम्भिक रुपमा वित्तीय सम्पत्ति मान्य हुने छैन :

- सम्पत्तिबाट नगद प्रवाह प्राप्त गर्ने अधिकार समाप्त भएमा, वा
- सम्पत्तिबाट नगद प्रवाह प्राप्त गर्ने अधिकार कम्पनीले हस्तान्तरण गरेको अवस्थामा वा pass through सम्झौता अन्तर्गत कुनै तेस्रो पक्षलाई कुनै सारभूत विलम्ब नगरी प्राप्त गरेको नगद प्रवाह पूर्ण रुपमा भुक्तानी गर्नुपर्ने दायित्व भनी अनुमान गरेमा र, अथवा

(क) कम्पनीले पर्याप्त मात्रामा सम्पत्तिको जोखिम तथा प्रतिफल हस्तान्तरण गरेमा वा (ख) कम्पनीले पर्याप्त मात्रामा जोखिम तथा प्रतिफल हस्तान्तरण नगरेको र आफुसँग पनि नराखेको तर सो सम्पत्ति माथीको आफ्नो नियन्त्रण हस्तान्तरण गरेको भएमा ।

कम्पनीले कुनै सम्पत्तिबाट नगद प्रवाह प्राप्त गर्ने अधिकार हस्तान्तरण गरेमा वा pass through सम्झौता गरेमा, त्यसले जोखिम तथा प्रतिफल कुन हदसम्म आफुसँग राखेको छ भन्ने मुल्याङ्कन गर्दछ । कम्पनीले सम्पत्तिको पर्याप्त जोखिम तथा प्रतिफल हस्तान्तरण पनि नगरेको र आफुसँग पनि नराखेको, न त सम्पत्ति माथिको आफ्नो नियन्त्रण हस्तान्तरण गरेको अवस्थामा कम्पनीको जारी रहेको सहभागिताको हदसम्म सम्पत्ति तथा सम्बन्धित दायित्वको लेखाङ्कन गरिन्छ । त्यस्तो अवस्थामा कम्पनीले सो सँग सम्बन्धित दायित्वको पनि लेखाङ्कन राख्छ । हस्तान्तरण गरेको सम्पत्ति र सो सँग सम्बन्धित दायित्वलाई कम्पनीले आफुसँग रहेको कानूनी अधिकार तथा दायित्वको आधारमा मापन गरिन्छ ।

वित्तीय दायित्व अर्न्तगतको दायित्व फरफारक गरेमा वा खारेज भएमा वा म्याद सकिएको अवस्थामा वित्तीय दायित्वको अपलेखन गरिन्छ । सोही साहुबाट हाल कायम रहेको वित्तीय दायित्वलाई अर्को तात्विक रुपमा फरक शर्त वा हाल कायम रहि रहेका दायित्वको शर्तहरुलाई तात्विक रुपमा परिमार्जन गरेमा सुरु दायित्वलाई अपलेखन गरि नयाँ दायित्व सिर्जना गरेको मानिन्छ र सो दुई मुल्य बिचको फरकलाई नाफा तथा नोक्सानमा लेखाङ्कन गरिन्छ ।

## च) समुचित मुल्यको मापन :

कम्पनीले प्रत्येक वासलात मितिमा वित्तिय उपकरण जस्तै Derivatives लाई समुचित मुल्यमा मापन गर्दछ ।

समुचित मुल्य भन्नाले मापन गर्ने मितिमा बजारका सहभागीहरु बिच नियम सम्मत कारोबारमा कुनै सम्पत्ति बिक्री गर्दा पाउने रकम वा दायित्व हस्तान्तरण गर्दा हुने भुक्तानी रकम भन्ने बुझिन्छ ।

सम्पत्ति वा दायित्वको समुचित मुल्य बजारमा सहभागीहरुले आफ्नो उच्चतम आर्थिक फाइदाको निर्क्योल गरी सम्पत्ति वा दायित्वको मुल्य तोक्दा गर्ने अनुमान प्रयोग गरी मापन गरिन्छ ।

कम्पनीले परिस्थिति सुहाउँदो मूल्याङ्कन विधिहरुको प्रयोग गर्छ जसको लागि समुचित मुल्य मापन गर्न प्रसस्त तथ्याङ्क (सान्दर्भिक अवलोकनयोग्य तथ्याङ्कलाई बढाउँदै र असान्दर्भिक अवलोकनयोग्य तथ्याङ्कलाई घटाउँदै) उपलब्ध छ ।

वित्तीय विवरणमा समुचित मुल्यमा मापन तथा खुलासा गरिएका सम्पूर्ण सम्पत्ति तथा दायित्वलाई निम्नानुसार समुचित मुल्यको तहमा वर्गीकरण गरिएको छः

तह १ः- समान प्रकृतिका सम्पत्ति र दायित्वको लागि सक्रिय बजारमा उद्धृत (Quoted) गरिएको (समायोजन नगरिएका) बजार मुल्य

तह २ः- प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अवलोकनयोग्य तल्लो स्तरको समुचित मुल्य मापनको लागि महत्वपूर्ण रहेको तथ्याङ्कको लागि मुल्याङ्कन विधि

तह ३ः- अवलोकन गर्न नसकिने तल्लो स्तरको समुचित मुल्य मापनको लागि महत्वपूर्ण रहेको तथ्याङ्कको लागि मुल्याङ्कन विधि

**छ) प्रति शेयर आम्दानी :**

प्रति शेयर आम्दानी गणना गर्दा यस अवधिको इक्विटी शेयरधनीहरुलाई उपलब्ध खुद नाफा/नोक्सानीलाई सोही अवधिको जम्मा शेयरको औसत भारित संख्याले भाग गरी निकालिएको छ । आंशिक रुपमा भुक्तानी भएका ईक्विटी शेयरहरु प्रतिवेदन तयार गरेको मितिको दौरान पूर्ण चुक्ता भएका ईक्विटी शेयरसँग सापेक्ष रुपमा लाभांशमा सरीक हुने अधिकारको हदसम्म एउटा ईक्विटी शेयरको अंशको रुपमा गणना गरिएको छ । कुनै वर्षमा कायम रहेको जम्मा शेयरको औसत भारित संख्या निर्धारण गर्दा बोनस, हकप्रद शेयर जारी गर्दा बखतको बोनसतत्व, शेयर विभाजन र शेयर एकिकरणको समायोजन गरिन्छ ।

Diluted Earning Per Share गणनाको निमित्त, ईक्विटी शेयरधनीहरु (जम्मा औसत भारित शेयर संख्या) लाई उपलब्ध खुद नाफा तथा नोक्सानी र सो वर्षमा कायम औसत भारित ईक्विटी शेयरको संख्यालाई Potentially Dilutive Securities को असरसँग समायोजन गरिन्छ । सम्भावित साधारण शेयर dilutive हो वा antidilutive हो सो को निर्धारण गर्न कम्पनीले जारी राखेको सञ्चालनबाट भएको नाफा वा नोक्सानीमा Parent Company को लागि भएको उपलब्धतालाई नियन्त्रण संख्याको रुपमा प्रयोग गरिन्छ ।

**ज) व्यवस्थाहरु, सम्भावित दायित्व र सम्भावित सम्पत्ति :**

विगतको घटनाको परिणाम स्वरुप सिर्जित दायित्व जसको फछ्यौट गर्दा स्रोत तथा साधनको बहिर्गमनको संभावना हुन्छ र जसको भरपर्दो अनुमान गर्न सकिन्छ, त्यस्ता दायित्वको व्यवस्था गरिएको छ ।

सम्भावित दायित्व वा वर्तमान दायित्व हुन सक्ने सम्भावना भएको तर श्रोतहरुको वहिर्गमन हुने सम्भावना नभएकोलाई आकस्मिक दायित्वको रुपमा खुलासा गरिएको छ । सम्भावित दायित्व वा वर्तमान दायित्व हुन सक्ने सम्भावना भएको जसमा श्रोतहरुको बहिर्गमन नगन्य भएमा त्यसको व्यवस्था तथा खुलासा गरिएको छैन ।

सम्भावित सम्पत्तिको पहिचान वित्तिय विवरणमा गरिएको छैन । तथापी, आर्थिक लाभ सुनिश्चित भएमा, सम्भावित सम्पत्ति हुन बन्द भई वासलातमा सम्पत्तिको रुपमा लेखाङ्कन गरिन्छ ।

**२.२ लेखाङ्कन नीतिहरु :**

वित्तिय विवरण तयार गर्दा अपनाइएको प्रमुख लेखा नीतिहरु तल उल्लेख गरिएका छन् । अन्यथा उल्लेख गरेकोमा बाहेक, कम्पनीले लेखा नीति एकरुपताका साथ निरन्तर रुपमा लागु गर्दै आईरहेको छ । वित्तिय विवरण तयार गर्दा कतिपय अवस्थाहरुमा केही अनुमान र आँकलनको प्रयोग गर्ने गरिन्छ । वित्तिय विवरणहरु तयार गर्दा प्रयोग गरिएका महत्वपूर्ण निर्णय र आँकलनहरु तथा त्यसले पार्ने प्रभावहरुलाई खुलाउनु पर्छ ।

**२.२.१ व्यवसायको निरन्तरता (Going Concern):**

कम्पनीको वित्तिय विवरणहरु व्यवसायको निरन्तरता रहने आधार अनुरुप तयार गरिएको छ ।

**२.२.२ विदेशी मुद्रामा भएको कारोबार :**

**शुरुको मुल्याङ्कन :**

व्यवसायको सिलसिलामा भएको विदेशी मुद्रामा भएको कारोबारलाई कारोवार भएको मितिको विनिमय दरले कार्यात्मक मुद्रामा रुपान्तर गरिएको छ ।

**रुपान्तरण :**
विदेशी मुद्रामा रहेको मौद्रिक सम्पत्ति तथा दायित्वलाई वर्षान्तको विनिमय दरको आधारमा स्थानिय मुद्रामा रुपान्तर गरिएको छ ।

**विनिमय फरक :**
हिसाब मिलान हुन बाँकी मौद्रिक सम्पत्ति र दायित्वको पुनःरुपान्तरण गर्दा हुने विनिमय फरकलाई तुरुन्तै नाफा/नोक्सान हिसाबमा लेखाङ्कन गरिएको छ ।

**विदेशी विनिमय आम्दानी :**
सेवा बापतको बिजक जारी गर्दा शुरु कारोवारको लेखाङ्कन गर्दाको मितिको विनिमय दर प्रयोग गरी नेपाली मुद्रामा गर्ने गरिएको छ । सो वापतको रकम विदेशी मुद्रामा प्राप्त भएमा प्राप्त हुदाको दिनको विनिमय दरले नेपाली मुद्रामा रुपान्तरण गर्ने गरिएको छ । विनिमय दरमा घटबढ भई उत्पन्न भएको नाफा वा नोक्सानलाई बैंकबाट प्राप्त भएको रकम अनुसार गर्ने गरिएको छ ।

**२.२.३ पूँजीगत निर्माणाधीन सम्पत्ति :**
पूँजीगत निर्माणाधीन सम्पत्तिले पूँजीकृत हुने सम्पत्ति निर्माण, जडान तथा बनावटमा लागेको प्रत्यक्ष लागतलाई प्रतिनिधित्व गर्दछ । पूँजीगत सम्पत्ति निर्माणको लागि लिईएको कर्जाको ब्याज लगायत सम्पूर्ण निर्माण प्रक्रियामा लाग्ने प्रत्यक्ष लागतलाई पूँजीगत खर्चको रुपमा निमार्ण लागतमा पूँजीकृत गरिएको छ ।

**२.२.४ अमूर्त सम्पत्ति :**
**कम्प्युटर सफ्ट्वेयर :**
खरीद गरिएको कम्प्युटर सफ्ट्वेयर लाइसेन्सलाई प्रयोगमा ल्याउदा सम्म लाग्ने खर्चहरुलाई समावेश गरी पूँजीकृत गरिएको छ । माथी उल्लेखित अपेक्षित उपयोगिता वर्षको आधारमा सो सम्पत्तिको लागतलाई अपलेखन गरि देखाईएको छ ।

**२.२.५ पट्टा बहाल :**
**सञ्चालन वा वित्तीय पट्टा :**
कम्पनीले योग्य पट्टा करारलाई नेपाल वित्तीय प्रतिवेदनमान NFRS-16 "Leases" को मापदण्ड बमोजिम वित्तीय विवरणमा १६ जुलाई, २०२१ देखी लागु गरेको छ । फलस्वरुप, कम्पनीले पट्टा दायित्व (Lease Liability) लाई Incremental Borrowing rate को प्रयोग गरी पट्टा भुक्तानीको वर्तमान मुल्यमा र प्रयोग गर्ने अधिकार भएको सम्पत्ति (Right to Use Assets) लाई Carrying amount मा लेखाङ्कन गरेको छ ।
सोही मापदण्ड बमोजिम कम्पनीले वास्तविक पट्टा खर्च ने.रु.४,४४०,००० लाई Reverse गरेको, पट्टा खर्च ने.रु ४७,१३,२५१ लाई वित्तीय खर्चमा देखाएको र प्रयोग गर्ने अधिकार भएको सम्पत्ति (Right to Use Assets) को अपलेखन ने.रु.१९,९४,१९८ देखाएको छ ।
सो मापदण्ड प्रयोग गर्दाका व्यवहारिक विषयहरुको सारांश निम्नानुसार रहेको छः
अ) एक छुट दरको प्रयोग ।
आ) मापदण्डको छुट बमोजिम मापदण्डको प्रारम्भमा पट्टा अवधि १२ महिनाभन्दा कम भएकोमा प्रयोग गर्ने

अधिकार भएको सम्पत्ति (Right to Use Assets) र पट्टा दायित्व (Lease Liability) लेखाङ्कन गरिएको छैन ।

इ) मापदण्डको प्रारम्भमा प्रयोग गर्ने अधिकार भएको सम्पत्ति (Right to Use Assets) को सुरुवाती प्रत्यक्ष खर्चलाई मापन गरिएको छैन ।

ई) मिति १५ जुलाई, २०२४ मा पट्टा दायित्व (Lease Liability) को गणना गर्ने प्रयोजनको निमित्त औसत भारित ऋणको बढ्दो व्याजदर १०.५% रहेको मानिएको छ ।

कम्पनीमा चालु सम्पत्ति प्रर्याप्त मात्रामा भएको कारण जब वित्तीय दायित्व भुक्तानी गर्नु पर्ने हुन्छ तब त्यसको भुक्तानी गर्न सक्षम छ र सो पट्टा दायित्वको सन्दर्भमा कुनै महत्वपूर्ण तरलता जोखिम रहेको छैन ।

### २.२.६ व्यवसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility):

औद्योगिक व्यवसाय ऐन, २०७६ अनुसार खुद नाफाको १ प्रतिशत रकम व्यवसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गर्नको लागि विनियोजन गर्नु पर्दछ । सोही बमोजिम यो आ.व.मा कम्पनीले कर पछिको खुद नाफाको १% ले हुने ने रु.६,६६८४४९।- व्यवसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गर्नको लागि विनियोजन गरेको छ ।

### २.२.७ व्यापारिक तथा अन्य प्राप्य योग्य रकम (आसामी) :

कम्पनीले असुल गर्नुपर्ने व्यापारिक तथा अन्य प्राप्य योग्य रकमहरु मध्ये प्राप्त हुन नसक्ने भनी व्यवस्था गरिएको रकमलाई घटाई देखाइएको छ र सो घटाएको रकमलाई नाफा नोक्सान विवरणमा देखाइएको छ ।

### २.२.८ नगद र नगद सरह :

नगद र नगद सरह अन्तर्गत नगद मौज्दात, कल निक्षेप र अन्य छोटो अवधिको उच्च तरल लगानी समावेश छन् । कम्पनीको नगद व्यवस्थापनको अभिन्न अंग, बैंक अधिविकर्स (Bank Overdraft), माग गरेको बखतमा तुरुन्तै भुक्तानी गर्नुपर्ने भएको हुनाले यसलाई वासलातमा चालु दायित्व भित्र सापटीमा देखाइएको छ ।

### २.२.९ शेयर पूँजी :

कम्पनीद्वारा जारी भएको वित्तिय उपकरण जुन वित्तिय दायित्व तथा वित्तिय सम्पत्तिको परिभाषा भित्र नपर्ने हदसम्म मात्र इक्विटीको रुपमा वर्गीकरण गरिएको छ । कम्पनीको इक्विटी शेयरलाई इक्विटी उपकरणको रुपमा वर्गीकरण गरिएको छ ।

अग्राधिकार शेयर पूँजी भुक्तानी गर्नु नपर्ने र लाभांश रकम सञ्चालकको स्वःविवेकमा पाउने अवस्था भएमा मात्र इक्विटीको रुपमा राखिन्छ । यदि अग्राधिकार शेयर पूँजी निश्चित समयावधि वा शेयरधनीको इच्छा बमोजिम भुक्तानी हुने र सो को लाभांश आय विवरणमा ब्याज खर्चमा लेखाङ्कन गरिन्छ भने त्यस्तो अग्राधिकार शेयर पूँजीलाई दायित्वको रुपमा वर्गीकरण गरिएको छ ।

### २.२.१० ऋणको लागत :

ब्याज वहन गर्ने ऋणलाई प्रारम्भिक रुपमा लागत मुल्यमा सम्बन्धित कारोवार खर्चहरुलाई समायोजन गरी लेखाङ्कन गरिन्छ । प्रारम्भिक लेखाङ्कन पश्चात, ब्याज वहन गर्ने ऋणलाई परिशोधित लागतमा देखाईन्छ र लागत मुल्य र भुक्तानी मुल्यमा कुनै फरक भएमा सोलाई प्रभावकारी ब्याज पद्धति अपनाई ऋण अवधी भर आय विवरणमा लेखाङ्कन गरिन्छ ।

**२.२.११ अवकाश सुविधा :**

सञ्चय कोष र सामाजिक सुरक्षा कोष (SSF) बापतको योगदान सम्बन्धि खर्च जुन वर्षसँग सम्बन्धित छ सो वर्षको नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गरिएको छ ।

**२.२.१२ व्यापारिक तथा अन्य तिर्नुपर्ने दायित्व :**

व्यापारिक तथा अन्य तिर्नुपर्ने दायित्वलाई लागत मुल्यमा देखाइएको छ ।

**२.२.१३ आम्दानीको लेखाङ्कनः**

कम्पनीलाई आर्थिक फाईदाको सम्भावना भएमा र सो आम्दानी र सो का लागि गरिएका खर्च वा सम्भावित खर्चलाई समेत भरपर्दो रुपमा मापन गर्न सकिएमा सो को हदसम्म आम्दानीको लेखाङ्कन गरिएको छ । आम्दानीलाई मुल्य अभिवृद्धि कर बाहेक खुद प्रतिफल पाएको वा पाउने समुचित मुल्यमा मापन गरिएको छ । आम्दानी लेखाङ्कनमा कोठा बिक्री, खाद्य तथा पेय पदार्थको बिक्री लगायत होटल संचालनसँग संलग्न अन्य सेवाहरुको बिक्रीलाई समेटिएको छ ।

सेवा प्रवाह गरेपछि सो को Arrangement गरिएको प्रमाण, स्थिर दर/शुल्क अथवा संकलन निश्चित भएमा मात्र सेवा प्रवाह वापतको आम्दानी लेखाङ्कन गरिएको छ । वस्तु बिक्री तथा सेवा प्रवाह वापतको आम्दानीमा अप्रत्यक्ष कर (Indirect Taxes), छुट र फिर्ताको रकम समावेश हुदैन र गरिएको पनि छैन ।

**२.२.१४ खुद वित्तिय लागत :**

खुद वित्तिय लागतमा, ऋणमा प्रभावकारी ब्याजदरको प्रयोग गरि तिर्नु पर्ने ब्याज तथा विदेशी विनिमयको नाफा वा नोक्सान सो समावेश भएका छन ।

सम्पत्तिबाट प्राप्त प्रभावकारी प्रतिफललाई मध्यनजर गर्दै ब्याज आम्दानी हुदाको बखत नाफा तथा नोक्सान विवरणमा ब्याज आम्दानीको रुपमा लेखाङ्कन गरिएको छ । लाभांश प्राप्त गर्ने अधिकार सुनिश्चित भए पछि मात्र लाभांश आम्दानी नाफा वा नोक्सान विवरणमा लेखाङ्कन गरिएको छ ।

**२.२.१५ खण्ड प्रतिवेदन पेश गर्ने (Segment Reporting) :**

खण्ड भनेको कम्पनीको आर्थिक तथा भौगोलिकरुपमा छुट्याउन सकिने व्यवसायिक एकाई हो जसले छुट्टाछुट्टै वस्तु तथा सेवाहरु भिन्न भिन्नै ग्राहकहरुलाई उपलब्ध गराउछन र ति एकाई आर्थिक तथा भौगोलिकरुपमा फरक भएको कारण तिनीहरुको जोखिम तथा प्रतिफल पनि फरक फरक हुने गर्दछ ।

यस कम्पनी मुख्य रुपमा एउटा खण्ड (व्यवसाय तथा भौगोलिक) अतिथि सत्कार (हस्पिटालिटी) सेवामा संलग्न रहेको छ । यो कम्पनी एउटा एकाई सरह व्यवस्थापन रहेको छ र यसमा समान प्रकारको जोखिम तथा प्रतिफल रहेको छ । यसका सम्पूर्ण सम्पत्ति नेपालमा अवस्थित छन् । तसर्थ, लेखा मापदण्ड अनुसार खण्ड प्रतिवेदनको खुलासा गरिएको छैन ।

**२.२.१६ सञ्चालनको अनिरन्तरता :**
सञ्चालनको अनिरन्तरता भन्नाले कम्पनीको व्यवसायबाट सञ्चालनको अनिरन्तरता वा बन्द भएको एकाईलाई जनाउछ जुन प्रष्ट रुपमा छुट्टाउन सकिन्छ र जसले फरक व्यवसायको प्रकृति वा संचालनको भौगौलिक क्षेत्रलाई प्रतिनिधित्वलाई गर्दछ । चालु आर्थिक वर्षमा कम्पनीले कुनै प्रकारको सञ्चालनको अनिरन्तरताको पहिचान गरेको छैन ।

**२.२.१७ सम्बन्धित पक्ष बिच कारोबार :**
सम्बन्धित पक्षसँगको सबै कारोबारलाई कम्पनीले Arm's Length Price मा गर्ने गरेको छ ।

**२.२.१८ शंकास्पद आसामीको व्यवस्था :**
शंकास्पद आसामीको व्यवस्था तथा त्यसमा भएको परिवर्तनको सारांश यसमा निम्नानुसार रहेको छ ।

(रकम रुपैयाँमा)

| विवरण | शुरु मौज्दात | व्यवस्था | खराब आसामीको लेखाङ्कन/अलेखाङ्कन | अन्तिम मौज्दात |
|---|---|---|---|---|
| होटल व्यवसाय संचालन | ९६५,७१५।- | - | ११०,०००।- | ८५५,७१५।- |
| अन्य | ८५,६८३,४८३।- | - | - | ८५,६८३,४८३।- |
| **जम्मा** | **८६,६४९,१९८।-** | - | **१,१०,०००।-** | **८६,५३९,१९८।-** |

**२.२.१९ वित्तिय जोखीम व्यवस्थापन :**
कम्पनीको वित्तीय सम्पत्तिमा मुख्य रुपमा व्यापारबाट प्राप्त गर्नुपर्ने, सुरक्षण धरौटी र नगद र नगद सरहको सम्पत्ति रहेको छ। कम्पनीको वित्तीय दायित्व अन्तर्गत मुख्यःतया भुक्तानी गर्न बाँकी रहेको उधारो, भुक्तानयोग्य व्यापारीक रकम र अन्य प्रतिबद्धता रहेका छन् ।

कम्पनी सञ्चालन र वित्तीय उपकरणको प्रयोगबाट कम्पनीमा क्रेडिट जोखिम र तरलता जोखिम रहन्छ । सञ्चालक समितिमा जोखिम व्यवस्थापनको नीति स्थापना गर्ने र त्यसको समिक्षा गर्ने सम्पूर्ण जिम्मेवारी रहेको छ ।

कम्पनीले सामना गर्ने जोखिमको पहिचान गर्न, निगरानी गर्न, विश्लेषण गर्न, उपयुक्त जोखिम सीमा निर्धारण गर्न तथा नियन्त्रण गर्न जोखिम व्यवस्थापन नीतिहरुको स्थापना गरिएको छ । बजारमा भएको परिवर्तनले व्यवसाय संचालन तथा कम्पनीको क्रियाकलापमा पारेको असर सबैलाई प्रतिबिम्बित गर्दै जोखिम व्यवस्थापन नीतिहरुको निरन्तररुपमा समिक्षा गरिएको छ ।

**क) उधारो जोखिम :**
उधारो (Credit) जोखिम भनेको समकक्षीले वित्तीय उपकरण अर्न्तगतको आफ्नो दायित्व पुरा गर्न नसक्ने वा वित्तीय घाटा निम्ताउने ग्राहकसँगको करार भन्ने बुझिन्छ। कम्पनीको सञ्चालन तथा वित्तिय क्रियाकलापबाट क्रेडिट जोखिम सिर्जना हुन्छ । क्रेडिट जोखिम मुख्यःतया व्यापारको आसामीहरुबाट सिर्जना हुन्छ र उक्त जोखिमको अधिकतम अनावरण (Maximum Exposure) वित्तीय सम्पत्तिको Carrying amount बराबर हुन्छ ।

प्राप्त गर्नुपर्नेमा ट्राभल एजेन्ट, संस्थागत ग्राहक, कुटनीतिक नियोग, हवाई कम्पनी, सरकारी मन्त्रालय र बीमा कम्पनीहरु रहेका छन् । कम्पनीले आफ्नो पहिलाको अनुभव र प्राप्य योग्य रकमको असूलीको प्रवृतिको आधारमा शंकास्पद आसामीको व्यवस्था गरिएको छ ।

यस कम्पनीको प्रतिवेदन तयार गर्दाको मितिसम्म समकक्षीसँग रहेको उधारोको अधिकतम जोखिम वित्तीय सम्पत्तिको Carrying amount बराबर रहेको छ ।

## ख) तरलता जोखिम :

तरलता जोखिम (Liquidity Risk) भनेको कम्पनीले रकमको अभावले आफ्नो वित्तिय दायित्व पुरा गर्न असक्षम हुनु हो । कम्पनीको तरलता जोखिम (Liquidity Risk) मुख्यःतया वित्तीय सम्पत्ति र दायित्वको परिपक्वता हुने अवधिको बेमेलबाट उत्पन्न हुन्छ । कम्पनीको मुख्य उद्देश्य रकमको निरन्तरता र उपलब्धता बिच सन्तुलन कायम राख्नु रहेको छ । कम्पनीमा रहेको वित्त व्यवस्थापन समुहले दैनिकरुपमा कम्पनीको कोषको अवस्था र आवश्यकताको निगरानी गर्दछ । वित्त व्यवस्थापन समुहले भविष्यमा आवश्यक पर्ने रकमको पहिचान गरि कम्पनीको नगद प्रवाहको योजना बनाउने गर्दछ र सो योजना तथा चालु तरलताको अवस्थाको बारेमा कम्पनीको उच्च व्यवस्थापन तथा सञ्चालक समितिलाई जानकारी गराउछ ।

## बाँकी रहेको अनुबन्धित परिपक्वताको आधारमा वित्तिय उपकरणको विश्लेषण :

यस कम्पनीको प्रतिवेदन तयार गर्दा सम्मको मितिमा Contractual Undiscounted नगद प्रवाहको आधारमा वित्तीय सम्पत्ति तथा दायित्वको Maturity Profile को विश्लेषण निम्नानुसार रहेको छ :

(रकम रुपैयाँमा)

| आषाढ ३१, २०८१ (१५ जुलाई, २०२४) | टिप्पणी | १ वर्ष वा सो भन्दा कम | १ वर्ष देखि ५ वर्ष सम्म | ५ वर्ष भन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|
| **वित्तिय सम्पत्तिः** | | | | | |
| व्यापारिक तथा अन्य प्राप्य रकम | ६ | ७४,९२१,०७६।- | | | ७४,९२१,०७६।- |
| नगद वा सो सरह | ७ | ९६७,०८०,०७२।- | | | ९६७,०८०,०७२।- |
| अन्य वित्तिय सम्पत्ति | ८ | ३,३८५,५९१।- | | | ३,३८५,५९१।- |
| परिशोधित लागतमा वित्तीय सम्पत्ति | | १,०८१,९८०,३४८।- | | | १,०८१,९८०,३४८।- |
| **जम्मा** | | **२,१२७,३६७,०८७।-** | | | **२,१२७,३६७,०८७।-** |
| **वित्तिय दायित्व** | | | | | |
| **चालुः** | | | | | |
| व्यापारिक तथा अन्य दायित्वहरु | १६ | ३७२,०६६,६३७।- | | | ३७२,०६६,६३७।- |
| व्यवस्थाहरु | १७ | ९९,२८५,९४४।- | | | ९९,२८५,९४४।- |
| अन्य वित्तिय दायित्वहरु | १२ | ५०१,३७२,९२७।- | | | ५०१,३७२,९२७।- |
| **गैर चालुः** | | | | | **०** |
| अन्य वित्तिय दायित्वहरु | १२ | (१४८,०३६)।- | १,६५९,७८३।- | ४३,५२७,३२६।- | ४५,०३९,०७३।- |
| **जम्मा** | | **९७२,५७७,४७२।-** | **१,६५९,७८३।-** | **४३,५२७,३२६।-** | **१,०१७,७६४,५८१।-** |

**३.१ लेखा सम्बन्धी टिप्पणीहरु :**

**३.१.१ बिक्रीको लागत :**

आम्दानी प्राप्त गर्नको लागि प्रत्यक्ष रुपमा गरिएका खर्चहरुलाई बिक्रीको लागतमा राखिएको छ ।

**३.१.२ अवकाश सुविधा :**

कम्पनीले कर्मचारी अवकाश सुविधा योजना अन्तर्गत सामाजिक सुरक्षा कोष र सञ्चित बिदाको भुक्तानीको व्यवस्था गरेको छ । सामाजिक सुरक्षा कोषमा गरेको आवधिक योगदानलाई आय विवरणमा देखाईएको छ । स्टाफहरूको विदा नगदीकरणको दायित्व वर्षको अन्त्य १५ जुलाई २०२४ मा होटलका नियमअनुसार सिर्जना गरिएको छ ।

**३.१.३ कोठाको अक्युपेन्सी :**

यस वर्ष कोठाको अक्युपेन्सी दर यस होटलको जडित क्षमताको ६४.६ प्रतिशत रह्यो, जुन गत वर्ष ५६.६ प्रतिशत रहेको थियो ।

**३.१.४ असुरक्षित ऋण :**

१८% अग्राधिकार शेयर र उक्त शेयरमा पाकेको लाभांशलाई ६% असुरक्षित ऋणमा परिणत गरिएकोमा उक्त ऋण वापतको भुक्तानी २०७१।०५।०२ देखि गरिदै आएको छ । त्यस्तै, असुरक्षित ऋण वापतको व्याजको भुक्तानी मिति २०७०।०९।१६ देखि गरिदै आएको छ । प्रतिवेदन मिति (Reporting date) मा असुरक्षित ऋणमा दाबी नपरेको रकम रु.२९,६९१,०७०।- र दाबी नपरेको व्याज रु.१२,१८८,२६५।- कायम रहेको छ ।

**३.१.५ हायात व्यवस्थापन शुल्क (Hyatt Management Fee) :**

ह्यात सँगको सम्झौता ३१ डिसेम्बर २०२१ मा अन्त्य भएको थियो। हायातले सम्झौता अनुरुप आफ्नो संचालन अवधि थप गर्ने अधिकार प्रयोग गरि १५ वर्षको लागि होटल संचालन अवधि थप गर्ने निर्णय गर्यो । सन् २०२२ मा कम्पनीले हायात संग होटल संचालन सम्बन्धि :इग गरेकोमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ (“FITTA”) अनुसार हायात र यसका सम्बद्ध संस्थाहरूलाई कम्पनीले तिर्नुपर्ने व्यवस्थापन शुल्क र अन्य शुल्क होटलको आम्दानिको ५% मा सीमित भएको छ ।

साथै, कम्पनीले १९९६ नोभेम्बर ११ मा गरिएको व्यवस्थापन सम्झौतालाई संशोधन गर्दै २०२३ देखि लागू हुने गरी हायातसँग अर्को सम्झौता गरेको छ, जसले संचालन अवधि १५ वर्षको लागि थप गरेको छ । हायातलाई तिर्नुपर्ने सबै शुल्कहरू, उद्योग विभाग (DOI) बाट ७ अप्रिल २०२३ मा स्वीकृत भएको संशोधित व्यवस्थापन सम्झौताको अनुसार आधारमा बुक गरिएको छ ।

**३.१.६ सम्भावित दायित्व :**

**१. आयकर र मुल्य अभिवृद्धि करको लागि :**

आयकर र मुल्य अभिवृद्धि करसँग सम्बन्धित आर्थिक वर्ष २०५९।०६० देखि २०६६।०६७ सम्मको स्रोतमा कर कट्टी र मुल्य अभिवृद्धि करसँग सम्बन्धित दायित्व कर फछ्यौट आयोग मार्फत अन्तिम कर फछ्र्योट भैसकेका छन् तर आयकर सम्बन्धि मुद्दाहरु अझै फैसला हुन बाँकी रहेका छन् ।

आ.व २०६७।२०६८ र २०६८।२०६९ को मुल्य अभिवृद्दि कर मुल्यांकन् उपरको अपिल सर्वोच्च अदालतमा विचाराधिन अवस्थामा रहेको छ । त्यसै गरि आ.व २०७४-२०७५ र आ.व २०७७-२०७८ को मुल्य अभिवृद्दि

कर मुल्याङ्कन उपरको अपिल आन्तरिक राजश्व विभाग उपर विचाराधीन अवस्थामा रहेको छ । साथै आ.व २०५९।६० र आ.व २०६१।२०६२ देखी २०७१।७२ को आयकर मुल्यांकन उपरको अपिल श्री सर्वोच्च अदालतमा विचाराधिन छ भने आ.व २०७२-२०७३ देखी २०७७-२०७८ को आयकर मुल्यांकन उपरको अपिल आन्तरिक राजश्व विभागमा विचाराधिन अबस्थामा रहेको छ ।

कम्पनीले देहाय बमोजिम रु.१३,६४,२४,०००।- धरौटी रकम आ.रा.वि. मा जम्मा गरेको छ र आन्तरिक राजस्व कार्यालयले थप माग गरेको अतिरिक्त रकमको लागि व्यवस्था गरिएको छैन । साथै आर्थिक वर्ष २०७५/०७६ र २०७६.२०७७ को निर्विवाद कर रु.१३,६५,०००।- र रु.१६१,४९३।- यस आ.व. मा लेखाङ्कन गरिएको छ । करसँग सम्बन्धित सम्भावित दायित्वको विवरण निम्नानुसार रहेको छ :

(रकम रुपैयाँमा)

| आर्थिक वर्ष | जम्मा कर धरौटी रु. | स्वीकार गरिएको कर रु. | संभावित दायित्व रु. |
|---|---|---|---|
| २०६७।०६८ | १८,८८,०००।- | | ३७,७५,६७०।- |
| २०६८।०६९ | १७,४६,०००।- | | १,६९,३२,६००।- |
| २०६९।०७० | ५,३६,८०,०००।- | | ११,३४,८९,१०६।- |
| २०७०।०७१ | ५,८८,००,०००।- | | ९,६७,४९,३१०।- |
| २०७१।०७२ | - | | ६६,५९,५७४।- |
| २०७२।०७३ | १,४८,००,०००।- | | २,५३,०७,०३३।- |
| २०७३।०७४ | ३०,००,०००।- | | ९१,५५,१३४।- |
| २०७४।०७५ | २५,१०,०००।- | | ९८,५१,३१८।- |
| २०७५।०७६ | - | १३,६५,०००।- | ४१,९६,८२३।- |
| २०७६।२०७७ | - | १६१,४९३ | ८९७,८३९ |
| २०७७।२०७८ | - | - | - |
| **जम्मा** | **१३,६४,२४,०००।-** | **१५,२६,४९३।-** | **२८७,०१४,४०७।-** |

माथिको सम्भावित दायित्वमा आन्तरिक राजस्व कार्यालयको अन्तिम कर निर्धारणको मिति देखिको ब्याज रकम गणना गरिएको छैन ।

## २. भुक्तानी नगरिएको लाभांशमा ब्याज :

कम्पनीले विगत वर्षहरुमा लाभांश वितरण गर्ने घोषणा गरेको छ र सोही बमोजिम शेयरधनीहरुलाई विधिवत रुपमा भुक्तानी गरिरहेको छ। तर विदेशी शेयरधनीहरुलाई लाभांश वापतको रकम भुक्तानी गर्न रु.३८८,१४२,४५० बाँकी रहेको छ र त्यसको विवरण निम्नानुसार रहेको छ :

| विवरण | खुद भुक्तानी गर्नु पर्ने लाभांश | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | २०७३।०७४ | २०७४।०७५ | २०७५।०७६ | २०७६।०७७ | २०७८।०७९ | २०७९।०८० | |
| Hyatt International | १३,२३,०००।- | २२,६८,०००।- | २२,६८,०००।- | १७,९५,५००।- | १५,१२,००० ।- | १,९३७,२५० | ११,१०३,७५०।- |
| Hitachi Ltd | ३५,५६,२१०।- | ६०,९६,३६०।- | ६०,९६,३६०।- | ४८,२६,२८५।- | ४०,६४,२४०।- | ५,२०७,३०८ | २९,८४६,७६३- |
| Bina Puri SDN.BHD | २,५०,४६०।- | ४,२९,३६०।- | ४,२९,३६०।- | ३,३९,९१०।- | २,८६,२४०।- | ३६६,७४५ | २,१०२,०७५।- |
| Dominion Investments Ltd (BVI) | १,२५,८८,९०५।- | २,१५,८०,९८०।- | २,१५,८०,९८०।- | १,७०,८४,९४३।- | १,४३,८७,३२०।- | १८,४३३,७५४ | १०५,६५६,८८१।- |
| Dominion Investments Ltd. (HK) | २,८५,२८,१८५।- | ४,८९,०५,४६०।- | ४,८९,०५,४६०।- | ३,८७,१६,८२३।- | ३,२६,०३,६४०।- | ४१७,७३,४१४ | २३९,४३२,९८१।- |
| **जम्मा** | **४,६२,४६,७६०।-** | **७,९२,८०,१६०।-** | **७,९२,८०,१६०।-** | **६,२७,६३,४६०।-** | **५,२८,५३,४४०।-** | **६७,७१८,४७१।-** | **३८८,१४२,४५०।-** |

नेपाल राष्ट्र बैंकबाट लाभांश रकम Repatriate गर्न स्वीकृति नपाएको कारण सो लाभांश रकम भुक्तानी गर्न बाँकी रहेको छ ।

कम्पनी ऐन, २०६३ को दफा १८२ बमोजिम लाभांश वितरण गर्ने घोषणा गरेको ४५ दिन भित्र शेयरधनीहरुलाई लाभांश वितरण गरिसक्नु पर्ने हुन्छ र यदि सो समयसिमा भित्र भुक्तानी नभएमा शेयरधनीहरुले प्रचलित कानून बमोजिमको ब्याजदर अनुसार ब्याज दावी गर्न सक्छन् ।

त्यसै अनुरुप विदेशी शेयरधनीहरुलाई भुक्तानी गर्न बाँकी रहेको लाभांशमा तिर्नुपर्ने ब्याजको सम्भावित Substantial Liability कम्पनीमा रहेको छ ।

### ३.१.७ आयकर :

यस आर्थिक वर्षको आयकर व्यवस्था गणना गर्दा आयकर ऐन, २०५८ को व्यवस्था बमोजिम गरिएको छ । आयकर ऐन, २०५८ को दफा ११ बमोजिमको छुट सोही ऐनको अनुसूचि-१ बमोजिम कम्पनीको लागि लागू हुने करको दर २१.२५% रहेको छ ।

### ३.१.८ कर्मचारी बोनस :

यस आर्थिक वर्षको कर अघिको खुद नाफाबाट १०% रकम कर्मचारी बोनसको लागि व्यवस्था गरिएको छ ।

### ३.१.९ सम्बन्धित पक्षहरुसँगको कारोबार :

(रकम रुपैयाँमा)

| नाम | सम्बन्धको प्रकार | शुरु मौज्दात | कारोबार | अन्तिम मौज्दात |
|---|---|---|---|---|
| नेपाल ट्राभल एजेन्सी प्रा. लि. | सम्बन्धी निकाय | (५१५,०१९।-) | ८,१८९,८५२।- | १,५७६,८७९।- |
| आईसिटिसी समूह | सम्बन्धी निकाय | ७६,२७५।- | २,२५९,९२१।- | २,३३६,१९६।- |
| होटल याक एण्ड यति | सम्बन्धी निकाय | २,२३८- | १,२९५,१९७।- | १८२,५३९।- |

### ३.१.१० व्यवस्थापनका प्रमुख पदाधिकारीहरु :

कम्पनीले यस आर्थिक वर्षमा व्यवस्थापनका प्रमुख पदाधिकारीहरुलाई पारिश्रमिक वापत रु.८.६२५ करोड भुक्तानी गरेको छ ।

### ३.१.११ लगानी :

कम्पनीले आफूसँग रहेको अतिरिक्त नगदलाई मुद्दती निक्षेपमा लगानी गरेको छ ।
मुद्दती निक्षेपको विवरण निम्नानुसार रहेको छः

| मुद्दती निक्षेप (रु.) | परिपक्व हुने अवधि |
|---|---|
| रु.८०१,५९५,०३५।- | ३ महिना भित्र |
| रु.१,०८१,९८०,३४८।- | ३ महिना पछि |

### ३.१.१२ श्रमिक कोष :

कम्पनीले आधिकारिक ट्रेड युनियनसँग गरेको सम्झौता बमोजिम कर्मचारीहरुको आवश्यकता र मापदण्ड अनुरुप ऋण प्रवाह गर्ने उद्देश्यले रु.२,००,००,०००।- को श्रमिक कोषको स्थापना गरेको छ । वर्षान्तमा, कम्पनीले कर्मचारीहरुलाई प्रवाह गरेको ऋण वापत रु.२,०६६,२९६।- लिनु पर्ने बाँकी रहेको छ ।

### ३.१.१३ प्रति शेयर आम्दानी :

प्रति शेयर आम्दानी निम्नानुसार गणना गरिएको छ :

| विवरण | यस आ.व. | गत आ.वर्ष |
|---|---|---|
| यस आ.व.मा कर पछिको नाफा रु. | ५२५,०१७,०५०।- | ४०,४३,३१,५४६ |
| साधारण शेयरको औसत भारित संख्या (एकाई) | १९,६२१,२०२ | १,८८,६६,५४० |
| साधारण शेयरको Diluted संख्या (एकाई) | १९,६२१,२०२ | १,८८,६६,५४० |
| प्रति शेयरको अंकीत मुल्य (रु.) | १०० | १०० |
| Basic प्रति शेयर आम्दानी (रु.) | २७ | २१ |
| Diluted प्रति शेयर आम्दानी (रु.) | २७ | २१ |

तारागाउँ रिजेन्सी होटल्स लिमिटेड

## २०८१ आषाढ ३१ (१५ जुलाई २०२४) गतेको वित्तिय विवरणको टिप्पणी

टिप्पणी ४

रकम रुपैयांमा

| सम्पत्तिको विवरण | जग्गा | सून र चांदी | भवन | कम्प्यूटर | अन्य सम्पत्ति | फर्निचर तथा कार्यालय सामग्री | सवारी साधन | यन्त्र तथा उपकरण | प्रयोग गर्ने अधिकार भएको सम्पत्ति | सफ्टवेयर | पूंजीगत कार्य प्रगति | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **सम्पत्तिको लागत** | | | | | | | | | | | | |
| २०८० श्रावण १ गतेको मौज्दात | २८०,१८९,०२५ | ३,९०० | २,०२०,२८०,४१८ | ९,२५५,९९६ | ११६,६७९,००२ | ७६,०२७,७९२ | ४२,१५९,३५७ | ६२,११३,०२२ | ४३,८९४,२२३ | ४३५,००० | - | २,६५१,०३७,७३५ |
| थप | - | २,६५० | ३४,३१७,०२७ | ५,९५७,९३२ | २२,८१४ | १२,९७५,५६८ | - | ६२,०६१,७४० | - | ५९२,६७० | ५०,४९८,२४० | १६६,४२८,६४१ |
| समायोजन/पूंजीकरण | - | - | - | - | - | - | - | - | - | - | (३६,५०६,०५२) | (३६,५०६,०५२) |
| निसर्ग | - | - | - | - | (१७६,१६५) | - | - | - | - | - | - | (१७६,१६५) |
| २०८१ आषाढ ३१ गतेको मौज्दात | २८०,१८९,०२५ | ६,५५० | २,०५४,५९७,४४५ | १५,२१३,९२८ | ११६,५२५,६५१ | ८९,००३,३६० | ४२,१५९,३५७ | १२४,१७४,७६२ | ४३,८९४,२२३ | १,०२७,६७० | १३,९९२,१८८ | २,७८०,७८४,१५९ |
| **ह्रास तथा अवमुल्यन नोक्सानी:** | | | | | | | | | | | | |
| २०८० श्रावण १ गतेको मौज्दात | - | - | ६९३,१६९,७४३ | ४,९७५,६६८ | १००,९८६,७७८ | ४४,४६९,८२४ | २३,९४१,३८६ | २१,४७९,६३७ | ३,९८८,३९७ | १६४,९४४ | - | ८९३,१७६,३७७ |
| यस वर्षको ह्रास खर्च | | - | ३७,५५७,८६८ | १,८८९,५७९ | ४,७७३,७८९ | ६,७८६,२२५ | ५,१२७,७३२ | १९,२५७,८९१ | १,९९४,१९८ | २९१,३९२ | - | ७७,६६८,६७४ |
| निसर्ग/अपलेखन | | - | - | - | | - | | - | - | | - | - |
| २०८१ आषाढ ३१ गतेको मौज्दात | - | - | ७३०,७२७,६११ | ६,८६५,२४७ | १०५,७६०,५६७ | ५१,२५६,०४९ | २९,०६९,११८ | ४०,७३७,५२८ | ५,९८२,५९५ | ४५६,३३६ | - | ९७०,८४५,०५१ |
| **खुद बाँकी मुल्य** | | | | | | | | | | | | |
| २०८१ आषाढ ३१ गतेको मौज्दात | २८०,१८९,०२५ | ६,५५० | १,३२३,८६९,८३४ | ८,३४८,६८१ | १०,७६५,०८४ | ३७,७४७,३११ | १३,०९०,२३९ | ८३,४३७,२३४ | ३७,९११,६२८ | ५७१,३३४ | १३,९९२,१८८ | १,८०९,९३९,१०८ |
| २०८० आषाढ ३१ गतेको मौज्दात | २८०,१८९,०२५ | ३,९०० | १,३२७,११०,६७५ | ४,२८०,३२८ | १५,६९२,२२४ | ३१,५५७,९६८ | १८,२१७,९७१ | ४०,६३३,३८५ | ३९,९०५,८२६ | २७०,०५६ | - | १,७५७,८६१,३५८ |

# तारागाउँ रिजेन्सी होटल्स लिमिटेड

आर्थिक वर्ष २०८०।०८१ सालको वार्षिक हिसावसँग सम्बन्धित टिप्पणीहरु

**रकम रुपैयाँमा**

## जिन्सी मौज्दात

टिप्पणी ५

| विवरण | २०८१ आषाढ ३१ (१५ जूलाई २०२४) | २०८० आषाढ ३१ (१६ जूलाई २०२३) |
|---|---|---|
| खाद्य तथा पेय पदार्थ | १०,५५१,५५६ | १०,७४२,२२५ |
| सञ्चालन सामग्री | ४,५६७,७४२ | ३,७१४,००१ |
| ईन्जिनियरिङ्ग सामग्री | ५,६४६,३१८ | ५,३४१,४४३ |
| जम्मा | २०,७६५,६१६ | १९,७९७,६६९ |

## व्यापारिक तथा अन्य प्राप्य रकम

टिप्पणी ६

| विवरण | २०८१ आषाढ ३१ (१५ जूलाई २०२४) | २०८० आषाढ ३१ (१६ जूलाई २०२३) |
|---|---|---|
| वित्तिय | | |
| आसामीहरू | ६९,२३४,६५० | ५३,३२६,२५३ |
| न्यून: शंकास्पद आसामीहरूको लागि प्रावधान | (८५५,७१५) | (९६५,७१५) |
| | ६८,३७८,९३५ | ५२,३६०,५३८ |
| अन्य प्राप्य रकम | ९२,२२५,६२४ | ८८,२६८,४२५ |
| न्यून: शंकास्पद प्राप्य रकमको लागि प्रावधान | (८५,६८३,४८३) | (८५,६८३,४८३) |
| | ६,५४२,१४१ | २,५८४,९४२ |
| जम्मा | ७४,९२१,०७६ | ५४,९४५,४८० |

## नगद र नगद सरह

टिप्पणी ७

| विवरण | २०८१ आषाढ ३१ (१५ जूलाई २०२४) | २०८० आषाढ ३१ (१६ जूलाई २०२३) |
|---|---|---|
| बैंक मौज्दात | १६०,२१२,३१३ | १४१,६९४,५४१ |
| नगद मौज्दात | ५,२७२,७२४ | २,५१९,९३० |
| मूद्धती बचत (३ महिना भित्र परिपक्वताहूने) | ८०१,५९५,०३५ | ६९५,४३८,९२४ |
| जम्मा | ९६७,०८०,०७२ | ८३९,६५३,३९५ |

**अन्य वित्तिय सम्पत्ति**

टिप्पणी ८

| विवरण | २०८१ आषाढ ३१ (१५ जूलाई २०२४) | २०८० आषाढ ३१ (१६ जूलाई २०२३) |
|---|---|---|
| सूरक्षण धरौटी | | |
| पोष्ट अफिस धरौटी | १,००० | १,००० |
| नेपाल टेलिकम कर्पोरेशन | ३८२,७२४ | ३८२,७२४ |
| धरौटी (सञ्चालन) | ३,००१,८६७ | ३,०७५,०६७ |
| जम्मा | ३,३८५,५९१ | ३,४५८,७९१ |

**अन्य चालु सम्पत्ति**

टिप्पणी ९

| विवरण | २०८१ आषाढ ३१ (१५ जूलाई २०२४) | २०८० आषाढ ३१ (१६ जूलाई २०२३) |
|---|---|---|
| आयकर धरौटी: | | |
| ठुला करदाताको नाममा कर धरौटी (आ.व. २०६७।६८) | १,८८८,००० | १,८८८,००० |
| ठुला करदाताको नाममा कर धरौटी (आ.व. २०६८।६९) | १,७४६,००० | १,७४६,००० |
| ठुला करदाताको नाममा कर धरौटी (आ.व. २०६९।७०) | ५३,६८०,००० | ५३,६८०,००० |
| ठुला करदाताको नाममा कर धरौटी (आ.व. २०७०।७१) | ५८,८००,००० | ५८,८००,००० |
| ठुला करदाताको नाममा कर धरौटी (आ.व. २०७२।७३) | १४,८००,००० | १४,८००,००० |
| ठुला करदाताको नाममा कर धरौटी (आ.व. २०७३।७४) | ३,०००,००० | ३,०००,००० |
| ठुला करदाताको नाममा कर धरौटी (आ.व. २०७४।७५) | २,५१०,००० | २,५१०,००० |
| अन्य: | | |
| अग्रिम खर्च भूक्तानी | ३,१९७,३५२ | ८,८६८,००६ |
| प्राप्य ब्याज | | ५१८,७०५ |
| कर्मचारीहरूलाई अग्रिम भूक्तानी | ४,१६५,५९१ | ८,१८२,८९३ |
| आपूतिकर्ताहरूलाई तथा अन्यलाई अग्रिम भूक्तानी | १५,७५३,६८४ | २२,९७२,०२१ |
| जम्मा | १५९,५४०,६२७ | १७६,९६५,६२५ |

**आयकर सम्पत्ति**

टिप्पणी १०

| विवरण | २०८१ आषाढ ३१ (१५ जूलाई २०२४) | २०८० आषाढ ३१ (१६ जूलाई २०२३) |
|---|---|---|
| अग्रिम आयकर | १४८,०७१,१८६ | १११,३६३,०६४ |
| न्यूनः आयकर व्यवस्था | १४१,१७७,४४४ | १११,९२३,२६६ |
| जम्मा | ६,८९३,७४२ | (५६०,२०२) |

**शेयर पूंजी**

टिप्पणी ११

| विवरण | २०८१ आषाढ ३१ (१५ जूलाई २०२४) | २०८० आषाढ ३१ (१६ जूलाई २०२३) |
|---|---|---|
| **अधिकृत शेयर पूंजी** | ५,०००,०००,००० | ५,०००,०००,००० |
| (रु. १०० दरको ४ करोड थान साधारण शेयर) | | |
| (रु. १०० दरको १ करोड थान अग्राधिकार शेयर) | | |
| **जारी शेयर पूंजी** | २,५००,०००,००० | २,५००,०००,००० |
| (रु. १०० दरको २.५ करोड थान साधारण शेयर) | | |
| **चुक्ता शेयर पूंजी** | १९६२१२०१६० | १८८६६५४००० |
| (रु. १०० दरको १,९६,२१,२०१.६ थान साधारण शेयर) | | |
| जम्मा | १,९६२,१२०,१६० | १,८८६,६५४,००० |

**शेयरधारणको विवरण** :

| **विवरण** | **जम्मा धारण** | **धारण प्रतिशत(%)** |
|---|---|---|
| डोमिनियन ईन्भेष्टमेन्ट लिमिटेड, (हङ्कङ्ग) | ४,२३८,४७३ | २१.६० |
| आईसिटिसी होल्डिङ्ग प्रा.लि. | १,९८०,३११ | १०.०९ |
| डोमिनियन ईन्भेष्टमेन्ट लिमिटेड, (वि.भि.आई.) | १,८७०,३५२ | ९.५३ |
| तारा गाउँ विकास समिति | १,७६८,००० | ९.०१ |
| आईसिटिसी प्रा.लि. | १,५४७,५२० | ७.८९ |
| अरुण कुमार सराफ | १,२८५,४४० | ६.५५ |
| उमेश सराफ | १,२८५,४४० | ६.५५ |
| होटल याक एण्ड यति लिमिटेड | ६९०,५३८ | ३.५२ |
| हिटाची लिमिटेड | ५२८,३५१ | २.६९ |
| राष्ट्रिय वाणिज्य बैंक लिमिटेड | ३१२,००० | १.५९ |
| विरेन्द्र कुमार साह | २२४,५८६ | १.१४ |
| वरुण सराफ | २२३,४०१ | १.१४ |
| देवेश सराफ | २२३,४०१ | १.१४ |
| हायात ईन्टरनेशनल कर्पोरेसन | १९६,५६० | १.०० |
| राजेश लाल श्रेष्ठ | १४८,२४१ | ०.७६ |
| अन्य शेयरधनीहरु | ३,०९८,५८७ | १५.७९ |
| जम्मा | १९,६२१,२०१ | १०० |

**अन्य वित्तिय दायित्वहरू** टिप्पणी १२

| विवरण | २०८१ आषाढ ३१ (१५ जूलाई २०२४) | २०८० आषाढ ३१ (१६ जूलाई २०२३) |
|---|---|---|
| पट्टा दायित्व | ४५,०३९,०७३ | ४४,७६५,८२२ |
| सुरक्षा धरौटी | ५,४१५,२७१ | ३,६५२,३८२ |
| भुक्तान योग्य लेखापरीक्षण शुल्क | २९५,५०० | २९५,५०० |
| भुक्तान योग्य लाभांश | ४२५,४५७,६८३ | ३५८,८३९,३९६ |
| भुक्तान योग्य खर्च | १,०२९,८८४ | ९२९,५०० |
| भुक्तान योग्य ब्याज | १२,१८८,२६५ | १३,३३३,५८० |
| भुक्तान योग्य अवधारण | ५,९७४,९२७ | ४,५३०,६७३ |
| भुक्तान योग्य पारिश्रमिक | २१,३२०,३२७ | २४,८९९,६४८ |
| असुरक्षित परिपक्व ऋण | २९,६९१,०७० | ३७,३१९,०५४ |
| जम्मा | ५४६,४१२,००० | ४८८,५६५,५५५ |

| | | |
|---|---|---|
| चालु दायित्व | ५०१,३७२,९२७ | ४४३,७९९,७३३ |
| गैर चालु दायित्व | ४५,०३९,०७३ | ४४,७६५,८२२ |

**दीर्घकालिन व्यवस्थाहरू** टिप्पणी १३

| विवरण | २०८१ आषाढ ३१ (१५ जूलाई २०२४) | २०८० आषाढ ३१ (१६ जूलाई २०२३) |
|---|---|---|
| दीर्घकालिन कर्मचारी सुविधाहरू | ४०,५९१,७८० | ४७,२६७,११८ |
| बिदा नगतिकरण | ८,६६४,३०१ | |
| जम्मा | ४९,२५६,०८१ | ४७,२६७,११८ |

**अन्य गैर चालु दायित्व** टिप्पणी १४

| विवरण | २०८१ आषाढ ३१ (१५ जूलाई २०२४) | २०८० आषाढ ३१ (१६ जूलाई २०२३) |
|---|---|---|
| कर्मचारी कोष | २०,०००,००० | २०,०००,००० |
| जम्मा | २०,०००,००० | २०,०००,००० |

**स्थगन कर दायित्व (खूद)** टिप्पणी १५

| विवरण | २०८१ आषाढ ३१ (१५ जूलाई २०२४) | २०८० आषाढ ३१ (१६ जूलाई २०२३) |
|---|---|---|
| स्थगन कर दायित्व | ८५,८६९,००८ | ८५,२१८,५९२ |
| जम्मा | ८५,८६९,००८ | ८५,२१८,५९२ |

**व्यापारिक तथा अन्य दायित्वहरू**

टिप्पणी १६

| विवरण | २०८१ आषाढ ३१ (१५ जुलाई २०२४) | २०८० आषाढ ३१ (१६ जुलाई २०२३) |
|---|---|---|
| साहुहरू | ३६५,३९८,१५२ | २९१,१९०,४७३ |
| अन्य दायित्वहरू | ६,६६८,४८५ | ११,५३३,७३३ |
| जम्मा | ३७२,०६६,६३७ | ३०२,७२४,२०६ |

**अल्पकालिन व्यवस्थाहरू**

टिप्पणी १७

| विवरण | २०८१ आषाढ ३१ (१५ जुलाई २०२४) | २०८० आषाढ ३१ (१६ जुलाई २०२३) |
|---|---|---|
| विक्रेता व्यवस्थाहरू | १६,४१४,५८५ | १९,८८९,९६० |
| अन्य व्यवस्थाहरू | ८२,८७१,३५९ | ६३,६१५,९२२ |
| जम्मा | ९९,२८५,९४४ | ८३,५०५,८८२ |

**अन्य चालु दायित्वहरू**

टिप्पणी १८

| विवरण | २०८१ आषाढ ३१ (१५ जुलाई २०२४) | २०८० आषाढ ३१ (१६ जुलाई २०२३) |
|---|---|---|
| ग्राहकहरूबाट पाएको अग्रिम भूक्तानी दायित्व | ५१,२०१,८७८ | ४७,३०४,६३७ |
| स्रोतमा कर कट्टी भुक्तानी दायित्व | ३,१८८,२८६ | ६,२८१,५९२ |
| विलासिता शूल्क | २,६४१,६४० | |
| मू.अ.कर भूक्तानी दायित्व | ११,००९,४०४ | ३,७८४,७९३ |
| जम्मा | ६८,०४१,२०८ | ५७,३७१,०२२ |

**सञ्चालनबाट आम्दानी**

टिप्पणी १९

| विवरण | २०८१ आषाढ ३१ (१५ जुलाई २०२४) | २०८० आषाढ ३१ (१६ जुलाई २०२३) |
|---|---|---|
| कोठा सेवा बिक्री | ७९५,७९३,८३५ | ६७८,४६९,३२१ |
| खाद्य तथा पेय पदार्थको बिक्री | ६५०,४९३,९३३ | ६२२,७६०,८६० |
| अन्य संचालन आम्दानी | ४८,७९३,७४६ | ४३,००५,८८९ |
| जम्मा | १,४९५,०८१,५१४ | १,३४४,२३६,०७० |

**अन्य आम्दानी**

टिप्पणी २०

| विवरण | २०८१ आषाढ ३१ (१५ जुलाई २०२४) | २०८० आषाढ ३१ (१६ जुलाई २०२३) |
|---|---|---|
| ब्याज आम्दानी | १५४,४३१,५५७ | १३६,४००,६३८ |
| भाडा आम्दानी | ६९,५३६,२०८ | ६२,४५०,२९९ |
| विविध आम्दानी | २२,४३२,६४७ | २८,०२४,७३७ |
| कमन एरिया मेन्टीनेन्स आम्दानी | | ६९३,२८९ |
| जम्मा | २४६,४००,४१२ | २२७,५६८,९६३ |

**संचालन खर्च**

टिप्पणी २१

| विवरण | २०८१ आषाढ ३१ (१५ जूलाई २०२४) | २०८० आषाढ ३१ (१६ जूलाई २०२३) |
|---|---|---|
| कोठा सेवाको लागत | ७४,७१७,७५० | ८२,२३१,०८६ |
| खाद्य तथा पेय पदार्थको लागत | २१०,७९८,९६८ | २२५,६१२,७६३ |
| अन्य सेवाको लागत | १४,५८१,१३८ | ११,४७४,४६४ |
| अन्य संचालन लागत | १४४,२८०,३१७ | १६२,३०५,२०४ |
| जम्मा | ४४४,३७८,१७३ | ४८१,६२३,५१७ |

**कर्मचारी खर्च**

टिप्पणी २२

| विवरण | २०८१ आषाढ ३१ (१५ जूलाई २०२४) | २०८० आषाढ ३१ (१६ जूलाई २०२३) |
|---|---|---|
| कर्मचारी खर्च | | |
| तलब, ज्याला र भत्ता | २६८,१३३,७०७ | २१३,६३७,९२४ |
| सेवा निवृत्ति सुविधाहरू | १९,६८३,७७२ | २८,५७३,०६२ |
| कर्मचारी बोनस व्यवस्था | ६६,६८४,४९१ | ५१,७५५,४६८ |
| अन्य कर्मचारी सुविधाहरू: | | |
| कर्मचारी खाना खर्च | ३०,८५२,३१७ | २९,०४०,२३५ |
| कर्मचारी यातायात | ४,४०१,८९६ | ३,२०१,२०० |
| औषधी उपचार खर्च | ४३६,७८६ | ४,२०५ |
| अन्य सम्बन्धित सुविधाहरू | ६,५९५,५६७ | ८,२८७,४६१ |
| तालिम खर्च | ५,०१७,१७६ | १,२९०,१५८ |
| जम्मा | ४०१,८०५,७१२ | ३३५,७८९,७१३ |

**प्रशासनिक खर्च**

टिप्पणी २३

| विवरण | २०८१ आषाढ ३१ (१५ जूलाई २०२४) | २०८० आषाढ ३१ (१६ जूलाई २०२३) |
|---|---|---|
| वार्षिक साधारण सभा खर्च | २००,६७५ | ४४९,९५३ |
| लेखापरीक्षण शूल्क | ३००,००० | ३००,००० |
| संचालक समितिको बैठक भत्ता | ६१६,८६५ | ६७७,४८८ |
| लेखापरीक्षण समितिको बैठक भत्ता | ५०,००० | |
| सञ्चार खर्च | ३५२,९३३ | २५३,२६८ |
| सरकारी शूल्क तथा नविकरण | ७,४३२,४३४ | १६,३६१,४३२ |
| बीमा | ७,०५६,१४३ | ५,०३६,३२९ |
| सूचना प्रणाली खर्च | १६,४५८,०२५ | २९,३३८,९८७ |
| कानूनी तथा परामर्श शूल्क | १०,४७७,५२८ | ९,३५५,८८४ |
| अन्य खर्च | १,८०४,०४० | १,७०३,४४५ |
| छपाइ तथा मसलन्द | ६२८,९९३ | २९७,०७२ |
| विगत वर्षको कर | २६१२०२ | १,३६५,००० |
| भाडा खर्च | | १,५९७,५०० |
| आउटसोर्स खर्च | १५,९१६,९८९ | १५,८५३,५८५ |
| सूरक्षा खर्च | १,६२७,६८६ | १,३६०,८६८ |
| सदस्यता शूल्क | ९३७,७८८ | ६९२,३७९ |
| परिवहन खर्च | ५५५,३९९ | ८२३,९५९ |
| सवारी संचालन खर्च | ४३९,७२४ | २३७,८८९ |
| संस्थागत सामाजिक उत्तरदायित्व खर्च | ६,६६८,४४९ | ५,१७५,५४७ |
| जम्मा | ७१,७८४,८७३ | ९०,८८०,५८५ |

**विक्रि तथा प्रवर्द्धन खर्च**

टिप्पणी २४

| विवरण | २०८१ आषाढ ३१ (१५ जूलाई २०२४) | २०८० आषाढ ३१ (१६ जूलाई २०२३) |
|---|---|---|
| विज्ञापन तथा प्रकाशन | ९,९१६,८८७ | १२,१४७,५३५ |
| व्यापार प्रवर्द्धन खर्च | ११,३०१,२४८ | ८,७१६,३७२ |
| भम्रण खर्च | २,३५५,३४६ | २,९१६,२९८ |
| लोयल्टी प्रोग्राम खर्च | १८,०१६,७०४ | ११,५११,१८१ |
| फ्रेन्चाइज तथा एफिलियशन आवद्धता शुल्क | १८,९८८,७१९ | १९,०८४,९४२ |
| जम्मा | ६०,५७८,९०४ | ५४,३७६,३२८ |

**वित्तिय खर्च**

टिप्पणी २५

| विवरण | २०८१ आषाढ ३१ (१५ जूलाई २०२४) | २०८० आषाढ ३१ (१६ जूलाई २०२३) |
|---|---|---|
| विदेशी विनिमय (नाफा)/नोक्सान | २७२,६६४ | ३,१२२,२०४ |
| ब्याज खर्च (पट्टा दायित्व) | ४,७१३,२५२ | ४,६८९,६८० |
| बैंक शूल्क तथा कमिशन | १३,४२४,७६४ | ११,५६२,५६४ |
| जम्मा | १८,४१०,६८० | १९,३७४,४४८ |

## २६. प्रतिवेदन मिति पछिका घटनाहरू:

कम्पनीले प्रतिवेदन अवधि पछिको समायोजन तथा गैर समायोजन योग्य घटनाहरुको मुल्याङ्कन गर्दछ र आवश्यक परेमा प्रतिवेदन मितिपछिका सबै महत्वपुर्ण घटनाहरुलाई विचार गरि नेपाल वित्त प्रतिवेदन प्रणालि (NFRS) अनुसार यथासंभव समायोजन तथा गैर समायोजन योग्य घटनाहरुलाई संवाभित वित्त प्रभाव सहित लेखा टिप्पणिमा प्रष्ट पारिएको छ।

## २७. अंकहरुको पुनः वर्गिकरण :

आवश्यक भएको खण्डमा विगत वर्षहरुको अंकहरुलाई पुनः वर्गिकरण गरिएको छ।

## २८. शुन्यान्तर :

अंकहरुलाई नजिकको रुपैयाँमा लगिएको छ।

## २९. विविध :

(१) सम्पूर्ण रकमलाई नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ।
(२) खरीद, बिक्री, प्राप्य योग्य र तिर्नुपर्ने हिसाब पुष्टिको पुष्टि लिने प्रक्रियामा छ।
(३) टिप्पणी १ देखी २९ सम्मका विवरणहरु वित्तिय स्थिति र नाफा वा नोक्सान विवराणको अभिन्न अंग हुन् ।

## नोट

## कम्पनीमा भएका गतिविधि तथा उपलब्धिका केही झलकहरू




Hotel Donated Stationery to Needy Children on Children's Day.

Blood Donation Programn organized by the Hotel





Hotel Welcomed Renowned Indian Film Director and Actor Anurag Kashyap



Hotel welcomed famous Indian actor Nawazuddin Siddiqui

Annual Cake Mixing Ceremony





Small Fire Response Exercise for SSM Team using by PASS Method



SESAME RESTAURANT



ROX BAR



THE REGENCY BALL ROOM





# तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
# २८औं वार्षिक साधारण सभा


जि.पि.ओ. बक्सः ९६०९, बौद्ध, काठमाण्डौ, नेपाल

फोनः ९७७-१-४२१७१२३

फ्याक्सः ९७७-१-५१७८३७९

E-mail: info@taragaon.com

Web: www.taragaon.com